# बझाङ जिल्लाको छान्ना क्षेत्रमा प्रचलित छैटगीतको अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय नेपाली केन्द्रीय विभाग अन्तर्गत स्नाकोत्तर तह दोस्रो वर्षको दसौ पत्रको

प्रयोजनका लागि प्रस्तुत

शोधपत्र


शोधार्थी

गजेन्द्रप्रसाद खत्री

नेपाली केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर, काठमाडौ


२०७१

# शोध निर्देशकको सिफारिस

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली स्नातकोत्तर तह दोस्रो वर्षका विद्यार्थी गजेन्द्रप्रसाद खत्रीले **बझाङ जिल्लाको छान्ना क्षेत्रमा प्रचलित छैटगीतको अध्ययन** शीर्षकको शोधपत्र मेरो निर्देशनमा तयार पार्नु भएको हो । उहाँको शोध कार्यबाट म सन्तुष्ट छु र आवश्यक मूल्याङ्कनका लागि नेपाली केन्द्रीय विभाग समक्ष सिफारिस गर्दछु ।

.....................................

मिति :- प्रा. डा. राजेन्द्रप्रसाद पौडेल

(शोध निर्देशक)

**त्रिभुवन विश्वविद्यालय**

**मानविकी तथा सामाजिक शास्त्र सङ्काय**

**नेपाली केन्द्रीय विभाग,कीर्तिपुर**

## स्वकृति पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली केन्दीय विभागका छात्र श्री गजेन्द्रप्रसाद खत्रीले स्नातकोत्तर तह दोस्रो बर्षको दसौ पत्रको प्रयोजनका लागि तयार गर्नु भएको **बझाङ जिल्लाको छान्ना क्षेत्रमा प्रचलित छैटगीतको अध्ययन** शीर्षकको शोधपत्र आवश्यक मूल्याङ्कनका गरी स्वीकृत गरिएको छ ।

मूल्याङ्कन समिति हस्ताक्षर

१) प्रा. डा. देवीप्रसाद गौतम .................... (विभागीय प्रमुख)

२) प्रा. डा. राजेन्द्रप्रसाद पौडेल .................... (शोध निर्देशक)

३) प्रा.केशव सुवेदी ....................

(बाह्य परिक्षक)

मिति ......................................

## कृतज्ञता ज्ञापन

प्रस्तुत **बझाङ जिल्लाको छान्ना क्षेत्रमा प्रचलित छैटगीतको अध्ययन** शीर्षकको शोधपत्र मैले त्रिभुवन विश्वविद्यालय,नेपाली केन्द्रीय विभाग अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको दसौ पत्रको प्रयोजनका लागि आदरणीय गुरु प्रा.डा.राजेन्द्रप्रसाद पौडेलको कुशल निर्देशनमा तयार पारेको हुँ । यो शोधपत्र तयार गर्ने सन्दर्भमा आफ्नो अमुल्य समय दिई उचित निर्देशन र सुझाव प्रदान गर्नु भएकोमा उहाँ प्रति म हार्दिक कृतज्ञता ज्ञापन एवम् श्रद्धाभाव प्रकट गर्दछु ।

शोधपत्र तयार गर्ने कार्यमा आफ्ना विविध कार्य व्यस्ततालाई प्रवाह नगरी आफ्नो अमुल्य समय निकाली निर्देशन ,सुझाव तथा सल्लाह दिई उत्प्रेरित गर्नु हुने विभागीय प्रमुख श्रेद्धय गुरु प्रा.डा. देवीप्रसाद गौतम एवम् सम्पूर्ण गुरूवर्ग तथा प्रस्तुत विषयमा शोधकार्य गर्ने अवसर जुटाउने नेपाली केन्द्रीय विभाग प्रति पनि हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

शोधपत्र प्रारम्भ गरेदेखि प्रस्तुत शोधपत्रलाई यस अवस्थामा पुरयाउँदा सम्म आफ्नो अमुल्य समय दिई मलाइ एकदमै सहयोग गर्नुहुने आदरणीय दाइ श्री लाल बहादुर भण्डारी सहित अन्य मित्रहरुलाई पनि म कहिल्यै बिर्सन सक्दिन् । प्रस्तुत शोधपत्र तयार गर्दा आवश्यक सामग्री उपलब्ध गराई दिने जनपुस्तकालय धनगढी कैलाली, जनसेवा पुस्तकालय चैनपुर, बझाङ र त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालय काठमाडौ प्रति पनि हार्दिक आभार प्रकट गर्दछु । मलाई वात्सल्यमय सुसंस्कार दिई हुर्काउनुहुने स्व. बुवा कविराज खत्री र स्व. बाजे ध्वज खत्री प्रति प्रस्तुत शोधपत्र समर्पित गर्न चाहन्छु । भन्निन्छ **'न तस्य निष्कृति शक्या कर्तु वर्षसतैरपि'** माता पिताले आफ्ना सन्तानको जन्म दिने, उपयुक्त पालन पोषण द्वारा हुर्काउने उचित शिक्षा दिई आत्मनिर्भर बनाउने कार्य जुन अगाध स्नेह र ममताका साथ गरेका हुन्छन् त्यो पितृऋण छोराले माता पिताको एकसय वर्ष सम्म सेवा गरे पनि चुक्ता हुदैन् भन्ने धर्मशास्त्रीय वचन छ । यसर्थ विषम पारिवारिक परिस्थितिका कारण अझै मर्लाइ शिक्षा हासिल गर्नका लागि प्रेरित र सहयोग गर्नुहुने पूजनिय आमा पुतलीदेवी खत्री र फूपु जयलक्ष्मीदेवी खाती प्रति म हार्दिक कृतज्ञता प्रकट गर्न चाहन्छु । यसैगरी शोध कार्यका सिलसिलामा सहयोग पुरयाउने श्रीमति पूर्णिमादेवी खत्री, काका राम बहादुर खत्री, काकी अम्भिकादेवी खत्री र भाइ बसन्तप्रसाद खत्री लगायत मेरा सम्पूर्ण छरछिमेकीहरूलाई पनि कृतज्ञता ज्ञापन गर्न चाहन्छु ।

शोधपत्र तयार पार्न बारम्बार घचघचाइरहने साथीहरूलाई धन्यवाद ज्ञापन गर्न चाहन्छु । त्यस्तै गरी शोध कार्यमा सहयोग गर्ने सम्पूर्ण साथीहरू धन्यवादका पात्रहुनुहुन्छ । प्रस्तुत शोधपत्र छिटो, छरितो र शुद्धसंग टङ्कन कार्य गरिदिनुहुने न्यू प्रकृति फोटोकपी एण्ड कम्प्युटर्स सेन्टर, कीर्तिपुर प्रति आभार प्रकट गर्दछु ।

अन्तत्वगत्वा म यो शोधपत्र मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभाग, कीर्तिपुर समक्ष प्रस्तुत गर्दछु ।

शैक्षिक सत्र : २०६५।२०६६ ......................

परीक्षा क्रमाङ्क : २८२६९७ शोधार्थी


गजेन्द्रप्रसाद खत्री

नेपाली केन्द्रीय विभाग

त्रि. वि. वि.कीर्तिपुर,

काठमाडौ, नेपाल


मिति...............................

# विषय सूची

पृ.सं.

शोध निर्देशकको सिफारिस

स्वीकृति पत्र

कृतज्ञता ज्ञापन

विषय सूची

सङ्क्षेपीकृत सूची

**पहिलो परिच्छेद**

**शोध परिचय** **१-७**

१.१ विषय परिचय १

१.२ समस्या कथन १

१.३ शोध कार्यको उद्देश्य २

१.४ पूर्व कार्यको समीक्षा २

१.५ शोध कार्यको औचित्य र महत्व ५

१.६ सामग्री सङ्कलन विधि ६

१.७ अध्ययन विधि ६

१.८ शोध कार्यको सीमाङ्कन ६

१.९ शोधपत्रको रूपरेखा ७

**दोस्रो परिच्छेद**

**बझाङ जिल्लाको सामान्य परिचय** **८-२०**

२.१ बझाङ जिल्लाको भौगोलिक अवस्थिति ८

२.२ बझाङ जिल्लाको नामकरण ८

२.३ बझाङ जिल्लाको प्राकृतिक अवस्था ९

२.४ बझाङ जिल्लाको ऐतिहासिक चिनारी ११

२.५ बझाङ जिल्लाका मन्दिर एवम् धार्मिक स्थलहरू ११

२.६ बझाङ जिल्लाको सामाजिक सन्दर्भ १३

२.७ सांस्कृतिक सन्दर्भ १४

२.८ जातजाति १५

२.९ चाडपर्व १६

२.१० भाषा र भाषिका १६
२.११ शैक्षिक अवस्था १८
२.१२ आर्थिक स्थिति १९
२.१३ निष्कर्ष २०

## तेस्रो परिच्छेद

लोकसाहित्यको एक उपविधाका रूपमा छैटगीत २१-४६
३.१ लोकसाहित्य २१
३.२ लोकगीत २३
३.३ सामान्यगीत २५
३.४ संस्कारगीत २५
३.५ ऋतु वा व्रत सम्बन्धि गीत २५
३.६ कर्मगीत २६
३.७ पर्वगीत २६
३.८ नृत्यगीत २६
३.९ विविध २६
३.१० लोकगीतको एक उपविधाका रूपमा छैटगीत २७
३.११ छैटमा गाइने सगुनगीत २९
३.१२ प्रमुख छैटगीत ३०
३.१३ भारीखेलका गीत ३३
३.१३.१ सबैका बड्डा माछा मार्न गया ३३
३.१३.२ बाटतली ढुसुढुस्या मेल ३५
३.१३.३ सरबटटली, सरबटटली ३७
३.१३.४ मालिकका देवीथान उमर्‍यो धुपी सल्लो रे ३९
३.१३.५ खप्तडका लालपाटन कस्तुरी पटक्कै रे ४०
३.१३.६ बाटतली अमिली नछोल ४२
३.१३.७ कालीगाईका दूध उमाल्यो गाज ४३
३.१४ निष्कर्ष ४६

## चौथो परिच्छेद

## बझाङ जिल्लाको छान्ना क्षेत्रमा प्रचलित छैटगीतको विश्लेषण ४७-६१


४.१ पृष्ठभूमि ४७

४.२ छैटगीतको सुरूवात ४८

४.३ छैटगीतको प्रस्तुति ४८

४.४ छैटगीतको वर्गीकरण ४९

४.४.१ लयका आधारमा वर्गीकरण ५०

४.४.१.१ छोटो लय ५०

४.४.१.२ लामो लय ५०

४.४.२ विषय वस्तुका आधारमा वर्गीकरण ५१

४.४.२.१ सामाजिक रीतिरिवाज सम्बन्धि छैटगीत ५१

४.४.२.२ प्रेम- प्रणय सम्बन्धि छैटगीत ५१

४.४.३ गायनका आधारमा वर्गीकरण ५२

४.४.३.१ सामूहिक गायन ५२

४.५ छैटगीतका विशेषता ५३

४.५.१ अन्यानुप्रासको प्रयोग ५४

४.५.२ अन्त्यानुप्रासविहीन ५५

४.५.३ परम्परिता ५५

४.५.४ सामाजिकता ५६

४.५.५ लय विविधता ५६

४.५.६ भाषाशैलीगत सरलता र माधुर्य ५७

४.५.७ कारूणिकता ५७

४.६ छैटमा खेलिने डेउडा गीत ५८

४.७ छैटमा गाइने मागल ५९

४.८ छैटगीतको स्थान र महत्व ६०


## पाँचौ परिच्छेद


उपसंहार ६२-६५

सन्दर्भग्रन्थ सूची ६६-६९

## सङ्क्षेपीकरण सूची

| | |
|---|---|
| उ.मा.वि. | उच्च माध्यमिक विद्यालय |
| एम. ए. | मास्टर अफ आर्ट |
| ऐ. ऐ | ऐजन ऐजन |
| कि. मि. | किलोमिटर |
| गा. वि. स. | गाउँ विकास समिति |
| गै. स. स. | गैर सरकारी संस्था |
| जि. वि. स. | जिल्ला विकास समिति |
| नि. मा.वि. | निम्न माध्यमिक विद्यालय |
| ने.रा.प्र. प्र. | नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान |
| ने. के. वि. | नेपाली केन्द्रीय विभाग |
| मा. वि. | माध्यमिक विद्यालय |
| प्रा. | प्राध्यापक |
| प्रा. वि. | प्राथमिक विद्यालय |
| प्रा.डा. | प्राध्यापक डाक्टर |
| प्रा. लि. | प्राइभेट लिमिटेड |
| व. मि. | वर्ग मिटर |
| व.कि.मि. | वर्ग किलोमिटर |
| त्रि. वि.वि. | त्रिभुवन विश्वविद्याल |

## पहिलो परिच्छेद

# शोधपरिचय

## १.१ विषय परिचय

बझाङ जिल्ला नेपालका पाँच विकासक्षेत्रमध्ये सुदूरपश्चिमाञ्चल विकास क्षेत्रको सेती अञ्चलमा पर्दछ । भौगोलिक हिसाबले यो जिल्ला निकै विकट र दूर्गम पनि छ । यस जिल्लाको साहित्यिक पृष्ठभूमि आफ्नै किसिमको रहेको छ । यस जिल्लामा रहेको लोकसाहित्य, अभिलेख, लिखितसाहित्य परम्पराले साहित्यिक विकासमा महत्वपूर्ण भूमिका खेलेको छ । बझाङ जिल्लाको साहित्यिक विकास र परम्परालाई उर्जा प्रदान गर्न यहाँका जनताको प्रयास पनि उत्तिकै सह्रानीय रहेको छ । त्यसैले यस जिल्लाका विभिन्न साहित्यिक तथा साहित्यत्तर सङ्घसंस्था, पुरस्कार,पुस्तकालय आदिले पनि बझाङको साहित्यिक विकासमा टेवा पुरयाएको छ । अत: यसै विषयसित सम्वन्धित भएर बझाङ जिल्लाको लोकसाहित्यको एक उपविधाका रूपमा पर्ने छैटगीतको गतिविधिबारे प्रकाश पार्नु प्रस्तुत शोधपत्रको मुख्य विषय रहने छ ।

## १.२ समस्या कथन

बझाङ जिल्ला लोकसंस्कृतिका हिसाबले धनी जिल्ला हो । यहाँको लोकसंस्कृतिको महत्वलाई प्रकाशमा ल्याएर राष्ट्रिय स्तरमा चिनाउने कार्य सन्तोषजनक रूपले हुनसकेको छैन । पर्याप्त खोज तथा अनुसन्धान कार्यको अभावमा संस्कृतिको व्यापकता अझै साघुरिएको देखिन्छ । साहित्यिक परम्परा धेरै पुरानो नभएता पनि हाल सम्म आइपुग्दा यस जिल्लाको साहित्यले निकै फड्को मारेको देखिन्छ यस अवधिमा हालसम्म बझाङ जिल्ला जन्मथलो र कर्मथलो भएका थुप्रै स्थानीय, क्षेत्रीय र राष्ट्रिय स्तरका साहित्यकारहरू देखा परिसकेका छन् । यस जिल्लामा साहित्यिक र साहित्येत्तर सङ्घसंस्था, पत्रपत्रिका र पुस्तकालयहरू पनि स्थापना भैसकेका छन् । हालसम्म पनि बझाङ जिल्लाको लोकसाहित्यको एक उपविधाका रूपमा पर्ने छैटगीतको व्यवस्थित अध्ययन हुन सकेको छैन ।

हालसम्म बझाङ जिल्लाको छान्ना क्षेत्रमा प्रचलित छैटगीतको अध्ययनको बारेमा भने कुनै लेखाजोखा र मूल्याङ्कन हुन सकेको छैन । अतः बझाङ जिल्लाको लोकसाहित्यमा पर्ने छैटगीतको अध्ययन तथा खोज अनुसन्धान र बझाडी लोकजीवनमा कस्ता छैटगीत प्रचलित छन् ? यसका के

कस्ता विशेषता छन् ? मूल्याङ्कन गरी प्रकाशमा ल्याउनु प्रस्तुत शोधकार्यको मुख्य समस्या हो । साथै यससँग सम्बन्धित निम्नलिखित समस्याहरू रहेका छन् :

क) बझाङी लोकजीवनमा के कस्ता छैटगीत प्रचलित छन् ?

ख) नेपाली लोकगीतको परम्परामा छैटगीतका के कस्ता विशेषता छन् ?

## १.३ शोध कार्यको उद्देश्य

प्रस्तुत शोधकार्यको मुख्य उद्देश्य बझाङ जिल्लाको चिनारीका साथै बझाङ जिल्लाको लोकसाहित्यमा पर्ने के कस्ता छैटगीत प्रचलित छन् ? नेपाली लोकगीतको परम्परामा छैटगीतका के कस्ता विशेषताहरु छन् ? संकलन गरी अध्ययनका साथसाथै विश्लेषण गर्नु यस शोधपत्रको मुख्य उद्देश्य रहेको छ र प्रस्तुत शोधपत्रमा निम्नलिखित उद्देश्यहरू रहेका छन् :

क) छैटगीतको सङ्कलन र अध्ययन गर्नु ,

ख) बझाङी लोकसंस्कृतिमा प्रचलित छैटगीतको विशेषताको निरूपण गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

बझाङ जिल्लाको छान्ना क्षेत्रमा प्रचलित छैटगीतको बारेमा विस्तृत र छुट्टै अध्ययन हालसम्म हुन सकेको छैन् । केही पत्रपत्रिका, व्यक्ति र संस्थाले जिल्लाको साहित्यका बारेमा छिटफुट टीकाटिप्पणी गरेको भने पाइन्छ । बझाङ जिल्लाको लोकसाहित्यको उपविधामा पर्ने छैटगीतको बारेमा भने कुनै लेखाजोखा र छुट्टै अनुसंधान र शोधकार्य भने गरेको पाईदैन तर लोकसाहित्य अन्तर्गत पर्ने केही प्रकाशित गरिएका सामग्री तथा पूर्व कार्यहरु यस प्रकार छन्:

देवकान्त पन्तले डोटेली लोकसाहित्यको एक परिचय (२०३२) मा लोकसाहित्यका धमारी, चैत, ढुस्को, फाग, सगुन, माागल, चाँचरी आदिका बारेमा प्रकाश पार्दै मागललाई सगुन भनेर महिलाहरूले गाउने विषेश गीतका रूपमा प्रस्तुत गरेका छन् ।[१] बझाङ जिल्लाको छान्ना क्षेत्रमा प्रचलित छैटगीतको बारेमा भने केही पनि उल्लेख गरेका छैन ।

[१] देवकान्त पन्त, **'डोटेली लोकसाहित्य'** (२०३२)

यसैगरी पूर्णप्रकाश नेपाल "यात्री" को सेती अञ्चल वर्णन र यात्रा अर्न्तगत सेतीको नागवेली (२०३५) मा सेती अञ्चलको जनजीवन र लोकसंस्कृति सम्बन्धि चर्चा गरेका छन् ।[२] त्यस क्रममा बझाङ जिल्लाको सांस्कृतिक, सामाजिक तथा लोक जीवनका विविध पक्षमा उल्लेख गरिए पनि बझाङ जिल्लाको छान्ना क्षेत्रमा प्रचलित छैटगीतको बारेमा केही पनि उल्लेख गरेका छैन ।

यसैगरी रामप्रसाद उपाध्यायले बझाङी डेउणा गीतको अध्ययन शोधपत्र (२०५७), बझाङी डेउडा गीतको सङ्कलन, वर्गीकरण तथा विश्लेषण गरेका छन ।[३] बझाङ जिल्लाको छान्ना क्षेत्रमा प्रचलित छैटगीतको बारेमा भने कुनै जानकारी दिएको छैन ।

प्रेमराज जोशीको बझाङी धमारीको अध्ययन शोधपत्र (२०५८) मा बझाङी धमारीको अध्ययन, विश्लेषण लगायत वर्गीकरण गरेका छन ।[४] बझाङको प्रचलित छैटगीतको बारेमा भने केही कुरा पनि गरेको देखिदैन ।

मानबहादुर सिंह "पहाडी" ले थली-नौविसको संक्षिप्त इतिहासमा फागलहरी (२०५८) मा बझाङ जिल्लाका बिभिन्न क्षेत्रमा प्रचलित लोकगीत, डेउणागीत, धमारीका बारेमा अध्ययन तथा शोधखोज गरेका छन ।[५] छान्ना क्षेत्रमा प्रचलित छैटगीतको बारेमा कुनैकुरा गरेको पाइदैन् ।

बिण्णुभक्त उपाध्यायले आफ्नो बझाङ, थलाराका प्रमुख फागहरूको सङ्कलन र विश्लेषण शोधपत्र (२०५८) मा बझाङ थलाराका फाग तथा लोकगाथाका बारेमा अध्ययन गरेछन् ।[६] बझाङ जिल्लाको छान्ना क्षेत्रमा प्रचलित छैटगीतलाई भने समेटेका छैनन् ।

बझाङ जिल्लाकै लोकसाहित्य अन्तर्गत गाउँखाने कथा तथा भुओगीतको अध्ययन भएको पनि पाइन्छ । गोकुलराज जोशीको बझाङ जिल्लाका गाउँखाने कथाको अध्ययन शोधपत्र (२०५९), मा जिल्लाका गाउँखाने कथाको सङ्कलन, वर्गीकरण तथा विश्लेषण गरेका छन् ।[७] बझाङ जिल्लामा रहेको छैटगीतको बारेमा भने कुनै चर्चा गरेको पाइदैन ।

---

[२] पूर्ण प्रकाश नेपाल 'यात्री', **'सेती अञ्चल वर्णन र यात्रा अर्न्तगत सेतीको नागवेली'** (२०३५)

३ राम प्रसाद उपाध्याय, **'बझाडी डेउणा गीतको अध्ययन'**, त्रि. वि. वि.स्नाकोत्तर शोधपत्र ने के. वि. (२०५७)

[४] प्रेमराज जोशी, **'बझाडी धमारीको अध्ययन'**, त्रि.वि.वि.स्नाकोत्तर शोधपत्र ने.के.वि (२०५८)

[५] मान बहादुर सिंह 'पहाडी', **'थली नौबिसको संक्षिप्त इतिहासमा फागलहरी'** (२०५८)

[६] बिण्णुभक्त उपाध्याय, **'बझाङ, थलाराका प्रमुख फागहरूको सङ्कलन र विश्लेषण'**, त्रि.वि.वि.स्नाकोत्तर शोधपत्र ने.के.वि. (२०५८)

[७] गोकुल राज जोशी, **'बझाङ जिल्लाका गाँउखाने कथाको अध्ययन'**, त्रि.वि.वि. स्नाकोत्तर शोधपत्र ने.के.वि.(२०५९)

हितराज जोशीको बझाडी संस्कृतिमा भुओगीतको अध्ययन शोधपत्र (२०६१) मा बझाङका केही गाउँखाने कथा, भुओगीत लगायत डेउडागीत र अन्य गीतहरूको अध्ययन भएको छ ।[८] छान्ना क्षेत्रमा प्रचलित छैटगीतको अध्ययन भने गरिएको छैन ।

यसैगरी जितानन्द अधिकारीको अछामी मागल र पर्वगीतहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण शोधपत्र (२०६४) मा अछामी मागलका बारेमा विस्तृत अनुसन्धान भएको छ ।[९] बझाङको छैटगीतलाई भने छोएको पाईदैन् । उपयुक्त विवेचनाका बारे के स्पष्ट हुन्छ भने बझाङ जिल्लाको छान्ना क्षेत्रलाई बिशेष थलो बनाएर हाल सम्म त्यहाँ प्रचलित छैटगीतको बारेमा कही कतैबाट पनि अध्ययन भएको पाईदैन । त्यसैले बझाङको छान्ना भेगमा प्रचलित छैटगीतको स्वरूपलाई चिनाउदै यसको अध्यन गहिरिन आवश्यक हुन् गएको छ ।

उत्तमबहादुर सिंहले राजा जयपृथ्वीबहादुर सिंहको मानवताबादी जयपृथ्वी जीवन संसार (२०५५) प्रकाशित गरी जयपृथ्वीबहादुर सिहको जीवनीका बारेमा अध्ययन विश्लेषण गरी मानवतावादी राजाका रूपमा परिचित गराएका छन् ।[१०] लोकसाहित्यको उपविधाका रूपमा रहेको छैटगीतको बारेमा भने केही कुरा पनि गरेको देखिदैन् ।

पुष्करराज भट्टले सुदूरपश्चिममा मातृभाषा साहित्य (२०६५) कृतिमा सुदूरपश्चिममा मातृभाषाको बारेमा अध्ययन विश्लेषण गरी साहित्यकारहरूको चर्चा गर्ने क्रममा बझाङ जिल्लाका साहित्यकारहरूको पनि चर्चा गरेका छन् ।[११] बझाङ जिल्लाको लोकसाहित्यको उपविधामा पर्ने छैटगीतको बारेमा भने उनले कुनै चर्चा गरेको देखिदैन् ।

यसैगरी बिण्णुबहादुर दौल्यालले बझाङ थलि- नौविसमा प्रचलित मागलहरूको अध्ययन (२०६५) मा मागलको अध्ययन तथा विश्लेषण गरिएको छ ।[१२] छैटमा गाइने मागलको बारेमा थोरै चर्चा गरे तापनि छैटमा गाइने गीतको बारेमा अध्ययन गरिएको भने पाइदैन ।

---

८ हितराज जोशी, '**बझाडी संस्कृतिमा भुओगीतको अध्ययन**', त्रि.वि.वि.स्नाकोत्तर शोधपत्र ने.के.वि. (२०६१)

९ जितानन्द अधिकारी, '**अछामी मागल र पर्वगीतहरूको सङ्कलन,वर्गीकरण र विश्लेषण**', त्रि.वि.वि.स्नाकोत्तर शोधपत्र ने.के.वि. (२०६१)

१० उत्तम बहादुर सिह, '**मानवताबादी जयपृथ्वी जीवन संसार**', (२०५५)

११ पुस्करराज भट्ट, '**सुदूरपश्चिममा मातृभाषा साहित्य**', (२०६५)

१२ बिण्णु बहादुर दौल्याल, '**थली-नौविसमा प्रचलित मागलको अध्ययन**', त्रि.वि.वि.स्नाकोत्तर शोधपत्र, ने.के.वि.(२०६५)

कृण्णबहादुर रोकायाले बझाङ जिल्लाको छान्ना क्षेत्रमा प्रचलित भुओगीतको अध्ययन (२०६८) मा यस जिल्लाको छान्ना क्षेत्रमा प्रचलित भुओगीतको अध्ययन तथा विश्लेशण गरेका छन् ।[१३] बझाङ जिल्लामा पाइने छैटगीतको बारेमा भने कतै पनि जानकारीसम्म दिएको पाइदैन ।

## १.५ शोध कार्यको औचित्य र महत्व

यस शोधपत्रमा बझाङ जिल्लाको सामान्य परिचय दिदै यहाँको लोकसाहित्यका रुपमा रहेको छैटगीतको बारेमा सर्वेक्षण गरी यस जिल्लाको छान्ना क्षेत्रमा प्रचलित छैटगीतले पुर्‍याएको योगदानको चर्चा गरिएको छ । बझाङ जिल्लाको छान्ना क्षेत्रमा प्रचलित छैटगीतको अध्ययन शीर्षकको यस शोधपत्रमा बझाङ जिल्लाको छान्ना क्षेत्रमा के कस्ता छैटगीतहरु प्रचलित छन् ? साथै के कस्ता विशेषता छन् ?समग्र लोकसाहित्यिक गतिविधि आदिका बारेमा जानकारी गरिनुका साथै लोकसाहित्यमा पर्ने छैटगीतको सङ्क्षिप्त अध्ययन गरी बझाङ जिल्लाको लोकसाहित्यमा पर्ने छैटगीतको गतिविधिको सु-व्यवस्थित अध्ययन गरिएकोले प्रस्तुत अनुसंधान शोधकार्य सान्दर्भिक देखिन्छ । यस कार्यले आगामी दिनमा कुनै पनि व्यक्तिले क्षेत्रीय अध्ययन गर्न खोजेको खण्डमा यस शोधपत्रको महत्वपूर्ण भूमिका रहने छ । यस्तै बझाङ जिल्लाको लोकसाहित्यमा पर्ने छैटगीतको गतिविधिबारे जान्न चाहने जिज्ञासु व्यक्तिका लागि यो शोधपत्र उपयोगी स्रोत बन्ने भएका कारण पनि प्रस्तुत शोधपत्रको महत्व र औचित्य प्रष्ट हुन्छ ।

## १.६ सामग्री सङ्कलन विधि

प्रस्तुत बझाङ जिल्लाको छान्ना क्षेत्रमा प्रचलित छैटगीतको अध्ययन शीर्षक शोध कार्यमा अध्ययन गर्दा सर्वप्रथम प्रश्नावली तयार गरी लिखित तथा मौखिक अन्तवार्ताका माध्यमबाट बझाङ जिल्लाको लोकसाहित्यमा पर्ने छैटगीतको सङ्कलन गरिएको छ । कतिपय लोकसाहित्यको विवरण सङ्कलन गर्न टेलिफोन, चिट्ठीपत्र तथा साहित्यकारका नातेदारहरूबाट प्राप्त जानकारीलाई पनि आधार बनाइएको छ । बिभिन्न सङ्घसंस्था वा लेखकबाट प्रकाशित पत्रपत्रिका र पुस्तक पूर्वकार्यको विवरणमा उल्लेख गरिएका सन्दर्भसामग्री सङ्कलन गर्दा पुस्तकालयीय अध्ययन पद्धति अँगालिएको छ ।

[१३] कृण्ण बहादुर रोकाया, **'बझाङ जिल्लाको छान्ना क्षेत्रमा प्रचलित भुओगीतको अध्ययन'**, त्रि.वि.वि स्नाकोत्तर तह, ने.के.वि. (२०६८)

यसरी पुस्तकालीय र क्षेत्रीय अध्ययन विधिबाट आवश्यकता अनुसार विश्लेषण गरी प्रस्तुत गरिएको छ ।

## १.७ अध्ययन विधि

प्रस्तुत शोधपत्र बझाङ जिल्लाको छान्ना क्षेत्रमा प्रचलित छैटगीतको अध्ययन भएकाले सङ्कलित सामग्रीको वर्णनात्मक, विवरणात्मक, परिचयात्मक एवम् विश्लेषणात्मक अध्ययन विधिको उपयोग गरिएको छ । यसरी वर्णनात्मक, विवरणात्मक, परिचयात्मक एवम् विश्लेषणात्मक अध्ययन विधि नै यस शोध पत्रको मूलभूत अध्ययन विधि रहेको छ ।

## १.८ शोध कार्यको सीमाङ्कन

प्रस्तुत शोधपत्रमा बझाङ जिल्लाको परिचय, प्रचलित छैटगीतको अध्ययन तथा विश्लेषण गर्दै छैटगीतका विशेषताहरूलाई प्रस्तुत गर्नु र लोकसाहित्यको एक उपविधाका रूपमा प्रचलित छैटगीतको शोध, खोज तथा अनुसंधान गर्नु यस शोधकार्यको सीमा हो र बझाङ जिल्लामा लुकेर रहेको प्रचलित छैटगीतको स्थान र महत्वका बारेमा जानकारी दिनु पनि यसको सीमा रहेको छ । यसका साथै बझाङ जिल्लाको छान्ना क्षेत्रमा प्रचलित छैटगीतको अध्ययन शोधपत्रमा बझाङ जिल्लामा सुसुप्त अवस्थामा रहेको लोकसाहित्यको एक उपविधामा रहेको सो गीतलाइ बाहिर ल्याई परम्परागत र सांस्कृतिक रूपमा छैटको बेला खेल्दै आएको गीतलाइ लोक मानवका सामु चिनाउने काम गर्नु पनि यसको सीमा रहेको छ ।

## १.९ शोधपत्रको रुपरेखा

प्रस्तुत शोध पत्रको संरचनालाई व्यवस्थित र सङ्गठित ढङ्गले प्रस्तुत गर्नका लागि निम्नलिखित परिच्छेदमा विभाजन गरिएको छ । यस बाहेक अध्ययनको क्रममा आवश्यकता अनुसार विभिन्न शीर्षक तथा उपशीर्षकहरूमा विभाजन गरेर अध्ययन गरिएको छ । प्रस्तुत शोधपत्रको परिच्छेदगत ढाँचा यस प्रकार रहेको छ ।

पहिलो परिच्छेद : शोध परिचय

दोस्रो परिच्छेद : बझाङ जिल्लाको सामान्य परिचय

तेस्रो परिच्छेद : लोकगीतको एक उपविधाका रूपमा छैटगीत

चौथो परिच्छेद : बझाङ जिल्लाको छान्ना क्षेत्रमा प्रचलित छैटगीतको विश्लेषण

पाँचौ परिच्छेद : उपसंहार

सन्दर्भ सामग्री सूची

दोस्रो परिच्छेद

# बझाङ जिल्लाको सामान्य परिचय

## २.१ भौगोलिक अवस्थिति

बझाङ जिल्ला सुदूरपश्चिमाञ्चल विकास क्षेत्रको अति विकट जिल्लाका रूपमा चिनिन्छ यस जिल्लाको पूर्वमा बाजुरा र हुम्ला जिल्ला, पश्चिममा बैतडी र दार्चुला जिल्ला उत्तरमा हुम्ला जिल्ला र चीनको स्वसाशित क्षेत्र तिब्बत र दक्षिणमा बैतडी र दार्चुला जिल्ला पर्दछ । यो जिल्ला २९$^{\circ}$ २९' उत्तर देखि ३०$^{\circ}$ ९' उत्तरी अक्षाश सम्म र ८०$^{\circ}$ ४६' पूर्व देखि ८१$^{\circ}$३४' पूर्वी देशान्तरसम्म फैलिएको छ । समुन्द्र सतह ३००० फीट देखि २३००० फीट साईपाल हिमालसम्म फैलिएको छ । यस जिल्लाको औषत बर्षा ५० मिलि लिटर देखि १५० मिलिलिटर सम्म हुन्छ साथै यस जिल्लाको औषत तापक्रम अधिकतम ३०$^{\circ}$ देखि ३२$^{\circ}$ सेन्ट्रिग्रेट र न्यूनतम २$^{\circ}$ देखि ७$^{\circ}$ सेन्ट्रिग्रेटसम्म हुन्छ । वि. स. २०६८ सालको जनगणना अनुसार यस जिल्लाको जनसङ्ख्या १९६२७७ रहेको छ जसमा महिला १०२३६५ र पुरुष ९३९१२ छन् । साथै यस जिल्लाको कुल क्षेत्रफल ३४२२ व. कि. मि. कृषियोग्य भूमि २६८८३ व.मि. वन क्षेत्र १०२४४३ वर्ग.मि र चरन क्षेत्र १९८६५ वर्ग मिटर रहेको छ । वि. स. २०६८ सालको जनगणनानुसार कूलघरधुरी सङ्ख्या २९४५१, सरदर परिवार सङ्ख्या ५.६४, सरदर बार्षिक जनसङ्ख्या १.६१ र जनघनत्व प्रति वर्ग किलोमिटर ५७ रहेको छ । [१४]

## २.२ बझाङ जिल्लाको नामकरण

बझाङ जिल्लाको नामकरण सम्बन्धमा थुप्रै प्रसङ्गहरू पाइन्छन् । यस जिल्लाको नाम बझाङ रहनका सम्बन्धमा अघि सारिएका प्रसङ्गहरू यस प्रकार छन् ।

परापूर्व कालमा बझाङ जिल्लाको ब्याँसी गाविस अर्न्तगत तामाखानी भन्ने ठाउँमा बझाङी राजाको दरवार थियो उक्त दरवारमा ठुलो ब्रज प्रहार भइ क्षेती हुन गयो त्यसकारण यस जिल्लाको नाम 'ब्रज' बाट बझाङ भयो ।

वरजाङ बाट यस जिल्लाको नाम बझाङ भएको हो भन्ने भनाइ पनि छ । परापूर्व कालमा यस जिल्लालाई धार्मिक स्थलका रूपमा चिनिन्थ्यो यसै आधारमा "वर" भनेको भगवान विष्णुको

[१४] बझाङ जिल्ला, **'सूचना तथा अभिलेख केन्द्र'** जिल्ला विकास समिति चैनपुर, बझाङ (२०६९)

'शीर' र 'जाङ' भनेको भगवान विष्णुको तीघ्रा भएकाले यस जिल्लाको नाम 'वरजाङ' बाट बझाङ रहन गयो ।

पहिला यो जिल्ला व्यापारिक स्थल थियो यहाँ व्यापार गर्नका लागि हुम्ला, जुम्ला, बाजुरा, कालिकोट देखिका मानिसहरु आउन्थे अर्थात् 'ब्यापार' बाट बझाङ भइ यस जिल्लाको नाम बझाङ हुन् गयो भन्ने भनाइ पनि छ ।

यसरी बझाङ जिल्लाको नामकरणका सम्बन्धमा बिभिन्न प्रसङ्ग वा बिचारहरु प्रस्तुत भएता पनि 'वरजाङ' बाट यस जिल्लाको नाम बझाङ रहन गएको कुरा बढी तथ्यपरक देखिछ ।

## २.३ प्राकृतिक अवस्था

प्राकृतिक दृष्टिले हेर्दा यो जिल्ला महत्वपूर्ण जिल्लाका रूपमा चिनिन्छ । यो जिल्ला प्राकृतिक सम्पदा एवं सौन्दर्यले भरिएको जिल्ला हो । यस जिल्लाको प्राकृतिक सौन्दर्यलाई बिभिन्न वन, पाखा, नदी, पहाड, झरना, ताल, वनस्पती, खनिज, हिमाल आदिले चिनाएका छन् । यो जिल्ला हिमाल र पहाड मिली बनेको छ । यस जिल्लामा उच्च हिमाली गाविसहरू १३ वटा, उच्च पहाडी गाविसहरू २० वटा र पहाडी गाविसहरू १४ वटा रहेका छन् ।[१५]

सुर्मासरोवर, खप्तड ताल, टिमादह, लोकुण्डदह, खापरदह, नाम्चादह, निलाखटी कूण्ड, ऋषिकूण्ड, राक्षस दह आदि यहाँका प्रमुख तालहरू हुन् । सेती, कालङ्गा, आदि यहाँका मुख्य नदीहरू हुन् । यस जिल्लाको भूवनोटको अवस्था यस प्रकार छ ।

**तलिका नं.१**

**भूवनोटको अवस्था**

| क्र स | विवरण | क्षेत्रफल (वर्ग कि. मि.मा) |
|---|---|---|
| १ | कृषि योग्य जमिन | २६८.८३ |
| २ | वन जङ्गल | १०२४.४३ |
| ३ | चरन क्षेत्र | १९८.६५ |
| ४ | जम्मा क्षेत्रफल | ३४२२ |

स्रोतः जि. वि. स. **सूचना तथा अभिलेख केन्द** (२०६९)

प्राकृतिक हिसावले अरू जिल्लाको तुलनामा अपरिहार्य छ यस जिल्लामा निम्नानुसारका पुरातात्विक धार्मिक स्थल तथा प्रमुख पर्यटकिय स्थलहरू रहेका छन् ।

[१५] जिल्ला विकास समिति, '**सूचना तथा अभिलेख केन्द्र,** चैनपुर,बझाङ (२०६९)

| क.स. | प्रमुख ठाउँको नाम | स्थान |
|---|---|---|
| १ | सुर्मासरोवर | सुर्मा गाविस |
| २ | कैलाश गुफा | कैलाश गाविस |
| ३ | खप्तड राष्ट्रिय निकुन्ज | छान्ना क्षेत्र |
| ४ | साईपाल हिमाल | काडा गाविस |
| ५ | नाप्पा हिमाल | काडा गाविस |
| ६ | योगा हिमाल | काडा गाविस |
| ७ | उराईभन्ज्याङ् | काडा गाविस |
| ८ | जयपृथ्वी नगर | कडेल गाविस |
| ९ | वड्डी ज्यावन | पिपलकोट गाविस |
| १० | ब्याँसीकोट | ब्यासी गाविस |
| ११ | तपोवन | सुनिकोट गाविस |
| १२ | ऋषिकुण्ड | लुयाटा गाविस |
| १३ | तालकोट | मेलविसौना गाविस |
| १४ | बडीमालिका | कैलाश गाविस |
| १५ | केदारमाण्डौ | भामचौर गाविस |
| १६ | विजगडा शिव मन्दिर | खिरातडी गाविस |
| १७ | गडी मन्दिर | पैावागढी गाविस |
| १८ | खापरदेउता मन्दिर | पाटादेवल गाविस |
| १९ | मष्टा मन्दिर | भातेखोला गाविस |
| २० | खप्तड त्रिवेणी | खप्तड |
| २१ | नानन देवता मन्दिर | डुङ्ग्री |

स्रोतः जि. वि. स. **सूचना तथा अभिलेख केन्द्र** (२०६९)

## २.४ ऐतिहासिक चिनारी

बझाङ जिल्ला वर्तमानमा आएर प्रसिद्ध भएको होइन । यो जिल्ला ऐतिहासिक एवम् भौगोलिक दृष्टिले पनि त्यतिकै महत्वपूर्ण छ । इतिहासलाई हेर्दा पौराणिक कालसम्म बुझ्नु पर्ने हुन्छ । प्राचीनकालमा यो जिल्ला व्यापारिक दृष्टिकोणले प्रभावित थियो । व्यापारिक क्षेत्र भएकाले यस जिल्लाको नाम बझाङ रहन गएको हो । बाजुरा, हुम्ला, जुम्ला, कालिकोटका मान्छेहरु यहाँ ब्यापारको लागि आउने गर्थे त्यसर्थ यस जिल्लाको नाम बझाङ रहन गएको कुरा पनि तथ्य जनक नै देखिन्छ ।[१६]

वरजाङ बाट यस जिल्लाको नाम बझाङ भएको हो भन्ने भनाइ पनि छ । परापूर्व कालमा यस जिल्लालाई धार्मिक स्थलका रूपमा चिनिन्थ्यो यसै आधारमा 'वर' भनेको भगवान विष्णुको "शीर" र 'जाङ' भनेको भगवान विष्णुको "तीघ्रा" भएकाले 'वरजाङ' बाट यस जिल्लाको नाम बझाङ रहन गयो भन्ने कुरा अझै तथ्यपरक देखिन्छ ।

ऐतिहासिक रूपमा पनि बझाङ जिल्लाको अस्तित्व प्राचीनकाल देखि नै रहेको पाइन्छ । वर्तमानको बझाङ जिल्ला प्राचीन डोटी राज्यमा पर्थ्यो । प्राचीन डोटी राज्यको सीमा पश्चिममा यमुना देखि पूर्वमा त्रिशुली सम्म र उत्तरमा कैलाश मानसरोवर देखि दक्षिणमा गंगानदी सम्म थियो । प्राचीन डोटीराज्य अन्तर्गत बैतडी, दार्चुला, बझाङ, बाजुरा, अछाम, डोटी, डडेल्धुरा, कैलाली र कञ्चनपुर पर्दथे । बाइसे, चौबिसे कालमा बझाङ बाइसे राज्य अन्तर्गत पर्थ्यो ।

## २.५ मन्दिर एवम् धार्मिक स्थलहरू

बझाङ जिल्लाको समाज बहुधार्मिक भएपनि यहाँ हिन्दु धर्म मान्ने मानिसहरूको बाहूल्यता पाइन्छ । यहाँका मानिसहरूको जीवन पद्धतिमा हिन्दु धर्म एवम् संस्कारको ठूलो प्रभाव छ । यिनीहरूले हिन्दु परम्परा मूताविक धार्मिक गतिविधि संचालन गर्दछन् । खासगरी हिन्दु परम्परा अनुरूपका चाडपर्व बझाङ जिल्लाका बासिन्दाहरू मनाउँछन् । २०६८ सालको जनगणना अनुसार बझाङ जिल्लामा बिभिन्न धर्मको स्थिति यस प्रकार छ ।

---

[१६] ऐजन ऐजन

**तालिका नं. ३**

**धार्मिक अवस्था**

| क्र.स. | धर्म | प्रतिशत |
|---|---|---|
| १ | हिन्दु | ९९.७५ |
| २ | बौद्ध | ०.२ |
| ३ | मुस्लिम | ०.००९ |
| ४ | क्रिश्चियन | ०.००४ |
| ५ | अन्य | ०.०७८ |

स्रोतः जि. वि. स. **सूचना तथा अभिलेख केन्द्र** र गै. स. स. **पाश्वचित्र** बझाङ (२०६९)

बझाङ जिल्लाका बासिन्दा बहुसंख्यक हिन्दु भएकाले यस जिल्लामा हिन्दु देवी देवताका मन्दिरहरू बढी मात्रामा छन् । यस जिल्लाका प्रमुख मन्दिरहरू सुर्मा देवी मन्दिर (चैनपुर), बडीमालिका (कैलास), केदार मन्दिर (भामचौर), बिजगडा शिव मन्दिर (खिरातडी), गडी मन्दिर ( पौवागढी), खापर देवता मन्दिर (पाटादेवल), मष्टा मन्दिर (भातेखोला), नानन देवता मन्दिर (डुङग्री) पनि प्रसिद्ध छन् ।

प्रमुख धार्मिक स्थलहरूमा सुर्मा सरोवर (सुर्मा), तपोवन (सुनिकोट), ऋषिकुण्ड (लुयाटा), खप्तड त्रिवेणी (खप्तड) आदि छन् ।

बझाङ जिल्लाको लोकसाहित्यमा यहाँको धर्मले पनि प्रभाव पारेको छ । मन्दिर एवम् धार्मिक स्थलहरु तथा विभिन्न देवी र देवताहरूका आरधना गरिएका कविताहरू यहाँका कविले लेखेको पाइन्छ । विष्णुभक्त जोशीको **सुर्मादेवी धार्मिक खण्डकाव्य** (२०५९), भक्त बहादुर खडका "कल्पित" को **स्वरचित भक्तिरचना** (२०४३), विष्णुभक्त जोशीको **साइपाल कविता सङ्ग्रह** (२०६५) आदि हिन्दु धर्मलाई आधार बनाएर लेखिएका कृतिहरू हुन् । यी रचनाहरू भक्तिरसयूक्त छन् । यी कृतिहरूमा सगुण ईश्वरको वन्दना पाइन्छ । साथै बझाङ जिल्लाको लोकसाहित्यलाई पनि छोएको छ ।

## २.६ सामाजिक सन्दर्भ

समाज विभिन्न जातजाति, भाषाभाषि, धार्मिक सम्प्रदायको सहयोगबाट बनेको हुन्छ । एक्लो व्यक्तिबाट समाज बन्न सक्दैन् । समाज भौगोलिक स्थिति अनुरूप भिन्नभिन्नै खालको हुन्छ । कुनै एक स्थानमा बसोबास गरेका एकै प्रकारको सोच र मान्यता रहेका मानिसहरूको समूहलाई समाज भनिन्छ । समाज बहुक्रियात्मक जटिल संरचना हो, जुन निश्चित नियम, प्रथा, मान्यता, चलन, रीति अनुसार संरचित हुन्छ । यी पक्षहरूले सामाजिक व्यबस्थामा कानुन ऐन वा नियमसरह भूमिका खेलेका हुन्छन् । भौतिक विकास सँगै सामाजिक विकास हुदै जान्छ । वर्तमान हाम्रो समाज वर्ग संघर्षको समाज हो । वर्ग संघर्ष बाट हाम्रो समाज अघि बढिरहेको छ । समाजमा भौतिक आधारमा उत्पादन पद्धतिको विशिष्टता हुन्छ र यो परिवर्तन हुदै जान्छ । यस किसिमको परिवर्तन सँगै सामाजिक इतिहास निर्माण हुन्छ ।

वर्तमान बभ्काङ जिल्लाको समाज भन्नाले बभ्काङ जिल्लामा बसोबास गर्ने अलग- अलग मानिसहरूको सामूहिक रुप हो । बभ्काङको समाज मिश्रित समाज छ । यहाँ विभिन्न भाषाभाषि, जातजाति, सस्कृति, रीतिरिवाज, धर्म, लिङ्ग, पेसा, वर्ग, सोच एवम् मान्यता भएका मानिसहरु बसोबास गर्ने गर्दछन् । यहाँको समाजमा व्यक्ति, वर्ग र जातजाति अनुरूप सामाजिक भूमिका पाइन्छ । विविधतामा एकता पाइनु यस जिल्लाको मुख्य सामाजिक विशेषता हो ।

बभ्काङको समाजको प्रतिछाया यहाँका साहित्यकारहरूका रचनामा पाइन्छ । वर्तमान बभ्काङको समाज बर्गद्धन्द्धको समाज भएकाले यहाँका साहित्यकारहरूका कविता, उपन्यास आदिमा वर्ग द्वन्द्धको प्रयोग भएको पाइन्छ । कथाकार एवम् उपन्यासकारहरूले बभ्काङ जिल्लामा भएका शोषण, दमन र उत्पीडनलाई देखेर भोगेर त्यसको प्रतिबिम्ब आफ्ना साहित्यमा उतारेको पाइन्छ । यहाँका कविहरूले समाजमा विद्यमान अन्याय, असमानता, विकृति बिसङ्गतिको बिरोध कवितामा गरेका छन् । समाजमा ब्याप्त अन्यायको प्रभाव यहाँको लोकगीतमा समेत परेको छ । जस्तैः

कसैखि मखमलि माला कसैखि पोते नाइ

कसैखि बासमति चामल कसैखि कोदे नाइ

यस लोकगीतमा समाजमा व्याप्त आर्थिक विषमताले निम्त्याएको पीडा पोखिएको छ । बभ्काङको समाज विषमतापूर्ण छ यहाँ कसै सँग लगाउने एकसरो पोते (माला) पनि छैन भने ठूला

भनाउँदा सँग हीरा, सुन, चाँदी जडिजडाउ मखमलको माला छ र बासमति चामलको भात खाएको छ । त्यसैगरी गरिब सँग कोदाको रोटी छैन । भन्नेकुरा यस गीतमा राखिएको छ ।

## २.७ सांस्कृतिक सन्दर्भ

संस्कृति भनेको एउटा जनसमूहको साझा जीवनशैली हो । यो विश्वास र धारणाको एकता पनि हो र यसका कारण मानिसहरू एकै ठाउँमा मिलेर बस्दछन् । संस्कृतिका कारण नै एउटा मानवसमूह भन्दा फरक देखिन्छ । कुनै पनि समूहको संस्कृतिमा त्यस समूहका सदस्यले आफ्नो समाजमा अनुभव गर्ने तथा त्यहाँ बाट आर्जन गर्ने सम्पूर्ण ज्ञान व्यवहार तथा विश्वासहरू समाविष्ट हुन्छन् र ती ज्ञान, व्यवहार तथा विश्वासहरू मानिसको शारीरिक विशेषताहरू जस्तो प्रजननका साथै जैविक रूपले एक पिँढी बाट अर्को पिँढीमा स्वभावत सरेर जाने नभई समाजको प्रत्येक सदस्यले सिक्नुपर्ने हुन्छ । संस्कृतिले कुनै जातिको सङ्गीत, नृत्य, भेषभूषा वा धार्मिक चलन तथा सामाजिक परम्परालाई बुझाउँछ ।

बझाङ जिल्लाको संस्कृति आफ्नै भौगोलिक परिवेशअनुरूपको छ । बझाङ जिल्लामा हिन्दू धर्म लगायत अन्य धर्म मान्ने मानिसहरू बसोबास गर्दछन् । बझाङको संस्कृति पनि धार्मिक परम्पराअनुरूप छ । बझाङ जिल्लाको समाज मिश्रित समाज भएकाले संस्कृति पनि विविधतायुक्त छ । बझाङ जिल्लामा हिन्दू धर्मालम्बी भित्र पनि विभिन्न सम्प्रदायहरू बसोवास गर्दछन् । यिनीहरू शैव, शक्ति र भक्ति भए पनि सनातन परम्परालाई सबैले स्वीकार गरेका छन् । बझाङ जिल्लामा ब्राह्मण, ठकुरी, क्षेत्री, दमाई, कामी जातजाति हिन्दूधर्मनुसार संस्कार मान्दछन् । हिन्दू कर्मकाण्डीय पद्धति अनुरूप जन्म, व्रतबन्ध, विवाह, मृत्यु आदि संस्कार गर्दछन् । दशै, तिहार, माघी, दशहरा सबैले उत्तिकै मनाउँछन् । सबैले आ-आफ्नो संस्कृति अनुरूप जुठो सुतक बार्दछन् ।

बझाङ जिल्लाको संस्कृतिको प्रभाव लोकसाहित्यमा पनि परेको छ । व्रतबन्ध, विवाह आदि संस्कारमा गाइने फाग, मागल र छैटगीतमा त्यहाँका बासिन्दाले गर्ने संस्कारको प्रभाव पाइन्छ । छैटगीत भने छोरा जन्मका बेलामा मात्र खेलिने प्रचलन रहेको पाईन्छ ।

## २.८ जातजाति

नेपाल बहुभाषी, बहुजाति, बहुसस्कृति भएको मुलुक हो । यहाँ प्राचिन समय देखि नै विभिन्न जातजाति बसोबास गर्छन् । कुनै पनि जातजातिले त्यस देशको सांस्कृतिक अस्तित्वमा

महत्वपूर्ण भूमिका खेलेको हुन्छ। बझाङ जिल्लामा क्षेत्रीहरूको बाहुल्यता छ। यहाँ क्षेत्रीका अतिरिक्त ठकुरी, ब्रहामण, दलित, सन्यासी आदि जातजातिका मानिसहरू बसोवास गर्दछन्।

नेपालको जनगणना २०६८ का अनुसार बझाङ जिल्लाको कूल जनसंख्या १९६२७७ छ जसमा महिला संख्या १०२३६५ र पुरुष संख्या ९३९१२ रहेको छ। बझाङ जिल्लामा रहेका जातजाति मध्य प्रमुख जातिको स्थान निम्न लिखित तालिका अनुसार रहेको छ।

**तालिका नं. २**

**जातिगत अवस्था**

| क्र.स. | जाति | प्रतिशत |
|---|---|---|
| १ | क्षेत्री | ५८.४३ |
| २ | ठकुरी | ११.५८ |
| ३ | ब्राह्मण | १०.७७ |
| ४ | दलित | १३.५९ |
| ५ | सन्यासी | १.३० |
| ६ | अन्य | ४.२० |

स्रोतः जि. वि. स. **सूचना तथा अभिलेख केन्द्र** (२०६९)

बझाङ जिल्ला बहुजाति भएको जिल्ला भएकाले त्यसै अनुसार यहाँको लोकसाहित्य र लिखित साहित्यको विकास भइको छ। यस जिल्लाका क्षेत्री, बाहुन, ठकुरी, कामी, दमाई आदि प्रमुख जातजाति हुन यिनीहरुको आ-आफ्नै प्रकारको लोकसाहित्य छ। बाहुन, क्षेत्री, ठकुरी, कामी, दमाईको डेउडा गीत र छैटगीत निकै प्रसिद्ध छ।

## २.९ चाडपर्व

सामान्य अर्थमा चाडपर्व भन्नाले धार्मिक, पौराणिक, सामाजिक र ऐतिहासिक लोकधारणा, लोक विश्वास र उत्सव विशेष आदि बुझिन्छन् । [१७] बझाङ जिल्ला सामाजिक एवम् सांस्कृतिक विविधता भएको जिल्ला भएकाले यहाँका मानिसहरु आफ्नो परम्परा र चलनअनुसार विभिन्न चाडपर्व मनाँउछन् ।

दशै, तिहार, माघेसङ्क्रान्ति, दशहरा, होली र बिसुपर्व सवै जातजातिले मनाउँछन् । तामाङ जातिले लोसार पर्व भव्यताका साथ मनाउँछन् । अन्य ग्रामीण भेगका बासिन्दाहरूले बिसु, गौरा आदि पर्व मनाउँछन् । बहुसस्कृतिको धनी बझाङ जिल्लामा मनाइने चाडपर्वले बझाङलाई चिनाउन मद्दत गरेको छ ।

बझाङी बासीहरूले मनाउने चाडपर्वहरूमा आ-आफ्ना परम्परानुसार लोकगीत, लोककथा, लोकगाथा आदि भन्ने र सुन्ने तथा गाउने गरिन्छ । यस भेगका बासिन्दा गौरामा डेउडा खेल्छन् भने पुष पन्ध्र र माघेसङ्क्रान्तिमा लोककथा भन्ने र सुन्ने गर्दछन् । त्यसैगरी पहाडका भीर, जंगलमा गाई चराउँदा घाँस काट्दा ठाडी भाकाका डेउडा गाउछन् । यसरी चाडपर्वमा गाइने गीतहरूमा जीवनका अनुभव र अनुभूति, पर्वको महत्व, प्रणय प्रसङ्ग आदिलाई विषयबस्तुका रूपमा प्रयोग गरिन्छ र छैटमा छैटगीत गाएर रमाइलो गर्दछन् ।

## २.१० भाषा र भाषिका

बझाङमा प्रयोग हुने भाषिका नेपाली भाषाका क्षेत्रीय भेदमध्य 'ओरपच्छिमा' हो ।[१८] भाषा विचार विनिमयको साधन हो । यस मार्फत मानिसहरू आफ्ना मनका भावनाहरू अरू समक्ष सम्प्रेषण गर्दछन भने भाषाकै माध्यमबाट अरूका विचार मानिसले ग्रहण गरेको हुन्छ । भाषा भौगोलिक दूरी, सामाजिक तथा सांस्कृतिक वातावरण र समयको लामो अन्तरालका कारण फरकफरक हुँदै देखापरेको हुन्छ । यसलाई नै भाषिक भेद भन्ने गरिन्छ । भाषको क्षेत्रीय भेद नै भाषिका हो । नेपाल बहुभाषि, बहुजातियुक्त देश भएकाले यहाँ भौगोलिक परिवेश अनुरूप भिन्दा भिन्दै भाषा बोलिन्छन् ।

[१७] विण्णु प्रसाद सापकोटा, **'नेपालका चाडपर्वमा छट पव'** काठमाडौः ने.रा.प्र.प्र. (२०६०) पृ. १०

[१८] बालकृण्ण पोखरेल, **'राष्ट्रभाषा'** काठमाडौः ने.रा.प्र.प्र. (२०५५) पृ. ६८

बझाङ जिल्लामा नेपाली भाषाका अतिरिक्त थारू, भोजपुरी, मैथली जस्ता भाषालाई मुख्य भाषाका रूपमा बोलिन्छ । यस जिल्लामा भारोपेली परिवारका नेपाली, थारू, मैथली आीद भाषा बोलिन्छन् भने भोटे बर्मेली परिवारको मगर र तामाङ. भाषा बोलिन्छ । यस जिल्लाका मानिसहरूको भाषामा छुट्टै जातिगत शब्द, ध्वनि रूपको विशेषता पाउन सकिन्छ । बझाङ जिल्लामा बोलिने प्रमुख भाषाहरूको विवरण यस प्रकार छ ।

**बझाङ जिल्लामा भाषागत स्थिति**

**तालिका नं.४**

| क्र.स. | भाषा | प्रतिशत |
|---|---|---|
| १ | नेपाली | ९९.८६ |
| २ | मैथली | ०.०१५ |
| ३ | भोजपुरी | ०.००६५ |
| ४ | थारु | ०.००५३ |
| ५ | तामाङ | ०.०२७ |
| ६ | नेवारी | ०.०६५ |
| ७ | मगर | ०.०१५ |
| ८ | अवधी | ०.००१ |
| ९ | गुरुङ | ०.००४ |
| १० | उर्दू | ०.००२ |
| ११ | शेर्पा | ०.०२५ |
| १२ | अन्य | ० |

स्रोतः जि. वि. स. **सूचना तथा अभिलेख केन्द्र** बझाङ (२०६९)

बझाङ जिल्लाको लिखित साहित्यलाई हेर्दा सबैभन्दा बढी नेपाली भाषामा साहित्य सिर्जना भएको छ । हाल आएर बझाङी भाषामा पनि साहित्य लेखन कार्य आरम्भ भएको पाइन्छ ।

## २.११ शैक्षिक अवस्था

शिक्षा मानवजीवनका लागि नभइनहुने कुरा हो । शिक्षा जीवनभर चलिरहने एउटा प्रक्रिया पनि हो । शिक्षा गतिशिल छ र सामाजिक परिवर्तनका लागि शिक्षा नभई हुदैन् । शिक्षाले मानव जीवन र जगतलाई प्रकाशमान तुल्याउँछ । बझाङ जिल्लामा शैक्षिक गतिविधिको आरम्भ २००७ सालतिरबाट मात्र भएको हो । त्यसभन्दा अगाडी भारतगई शिक्षा लिने गर्थे बझाङ जिल्लाका पुरानो विद्यालय 'सत्यवादी पाठशाला' हो । शिक्षा मानवीय जीवनको मुख्य आधार हो । शिक्षाले मानिसका जीवनको मार्गदर्शन गर्दछ । शिक्षाको विकास विना अन्य विकासले पूर्णता पाउन सक्दैन् । यस जिल्लाको कूल साक्षरता प्रतिशत ४६.४८ मध्य महिला साक्षरता ३५.१७ छ भने पुरुष साक्षरता ५७.७९ रहेको छ। वर्तमान अवस्थामा यस जिल्लामा शैक्षिक संस्थाको विवरण यस प्रकार छ।

**तालिका नं.५**

**शैक्षिक विवरण**

| तह | सामुदायिक संस्था तर्फ | संस्थागत | जम्मा |
|---|---|---|---|
| बाल विकास केन्द्र | २९३ | ० | २९३ |
| प्रा. वि. | ३०५ | १० | ३१५ |
| नि. मा. वि. | ७८ | ४ | ८२ |
| मा. वि. | ४२ | ० | ४२ |
| उ. मा. वि. | ३२ | ० | ३२ |
| क्याम्पस | ६ | ० | ६ |
| श्रोतकेन्द्र | १३ | ० | १३ |

स्रोतः जि. वि. स. **सूचना तथा अभिलेख केन्द्र** बझाङ (२०६९)

शिक्षाले बझाङ जिल्लाको साहित्यिक विकासमा पनि प्रभाव पारेको पाइन्छ । जुन भाषाका वक्ताहरूको शिक्षमा जति पहुँच छ त्यतिकै रूपमा साहित्यको पनि विकास भएको पाइन्छ। शिक्षाको विकास पूर्व लोकसाहित्यमा मात्र सीमित रहेको साहित्य शिक्षाको विकासले गर्दा लिखितसाहित्यका रूपमा अघि बढेको छ ।

## २.१२ आर्थिक स्थिति

जीवनको मुख्य आधार नै अर्थ हो । अर्थ विना जीवन यापन असम्भव हुन्छ । बझाङ जिल्लाको आर्थिक स्थिति आधुनिककाल देखि नै सुदृढ रहदै आएको छ । यस जिल्लामा पाइने यार्सागुम्वा नामक जडीवुटी बाट आर्थिक स्थितिमा ठूलो राहत भएको पाइन्छ ।

हाल आएर बझाङ जिल्लाको अर्थतन्त्रमा ठूलो परिवर्तन आएको छ । यस जिल्लाको अर्थतन्त्र कृषिमा आधारित भएता पनि जडीवुटीको ब्यापारका कारण अझै आर्थिक विकासमा टेवा पुगेको पाइन्छ । कृषि बाहेक यस जिल्लाका बासिन्दा ब्यापार, पशुपालन, माहुरीपालन, पोल्टिफर्म आदि ब्यवसायमा समेत लागेका छन् । धान, गहुँ, मकै, कोदो, फापर,जौ आदि खाद्यबालीका रूपमा लगाइन्छ । आलु, गहत, भटमास, मुसुरो आदि नगदे बाली हुन् ।

बझाङ जिल्लामा हाल आएर यातायात सुविधा भएको छ र चैनपुर सदरमुकाम सम्म यातायातको विकास भएको छ । जयपृथ्वी नामक सडकको निर्माण कार्य पुरा भएको छ जसको लम्बाई १०८ कि.मि रहेको छ । अन्य ग्रामीण क्षेत्रभने अन्धकारमा नै सीमित रहेको छ ।

कला र साहित्य समाजको आर्थिक, भौतिक जीवनबाट उत्पन्न हुन्छ र त्यसैमा अवस्थित एवम् आधारित हुन्छ । त्यसैगरी बझाङ जिल्लाको साहित्यमा पनि अर्थ ब्यवस्थाले ठूलो प्रभाव पारेको छ । गरिब र निमुखा जनता लोकसाहित्यमा धनी भए पनि उनीहरूको पहुँच लिखित साहित्य सम्म पुग्न सकेको छैन् । समाजमा व्याप्त आर्थिक असमानता, शोषण, अन्याएको वर्णन आदि साहित्यकारका साहित्यिक रचनामा भेट्न सकिन्छ । यसै प्रसङ्गलाई आधार बनाइ बझाङ जिल्लाको छान्ना क्षेत्रमा प्रचलित छैटगीतको भने कसैले पनि आजका दिनसम्म शोध, खोज, अनुसन्धान, ब्याख्या विश्लेषण अर्थात् यसको सही परिचय सम्म पनि दिएको देखिदैन त्यसैले आज यसको ब्यवस्थित अध्ययन कार्य गर्नु उपयुक्त भएकाले प्रस्तुत शोधपत्रमा उक्त परम्परा र संस्कारलाई चिनाउने प्रयास गरिएको छ ।

## २.१३ निष्कर्ष

बझाङ जिल्ला आफ्नै पहिचान बोकेको एक हिमाली जिल्ला हो । यो जिल्ला भौगोलिक हिसाबले दुर्गम छ । प्राय ठाँउमा बिजुली, खानेपानी, संञ्चार र यातायातको सुबिधा भने प्रयाप्त छैन् । यस जिल्लामा क्षेत्रीहरूको बाहुल्यता छ । क्षेत्रीका अतिरिक्त ब्राह्मण, मगर, दलित, ठकुरी जस्ता जातजातिहरुको पनि बसोबास पाईन्छ । यो जिल्ला सांस्कृतिक रूपमा सम्पन्न छ । यहाँको डेउडा संस्कृति देशभरि परिचित छ । भाषिक दृष्टिले नेपाली, मैथली, भोजपुरी, थारूको बाहुल्यता रहेको छ ।

बझाङ जिल्लालाई चिनाउने प्रमुख स्थलहरू सुर्मासरोवर, साइपाल हिमाल, खप्तड राष्ट्रिय निकुञ्ज, त्रिवेणी, योगा हिमाल, जयपृथ्वी नगर हुन् । यस जिल्लामा हिन्दु धर्मका अतिरिक्त बौद्ध, इस्लाम, क्रिस्चियन जस्ता धर्म मान्ने मान्छेहरू पनि रहेका छन् । बझाङ जिल्लामा शिक्षाको राम्रो विकास भएको छ । बझाङ जिल्लाको भूगोल, समाज, संस्कृति, शिक्षा, धर्म र आर्थिक अवस्थाको प्रभाव लोकसाहित्यमा पनि परेको छ । यहाँका साहित्यकारहरूले कथा, कविता, निबन्ध, गजल आदि विधामा कलम चलाउदै आएको देखिन्छ र हाल आएर नेपाली लोकसाहित्यलाई आधार बनाइ मागल, भुओ, डेउडा गीतमा पनि आस्था राखेको देखिन्छ र ग्रामीण स्तरमा लुकेका संस्कृतिलाई पनि उर्जा दिएको  पाईन्छ । यस जिल्लामा बसोबास गर्दै आएका साहित्यकारहरूले साहित्यका विविध विधाहरूमा कलम चलाइ बझाङ जिल्लाको पहिचान गरेको पाइएता पनि यस जिल्लाको लोकसाहित्यको एक उपविधाका रुपमा प्रचलित छैटगीतको बारेमा भने आजसम्म कुनै पनि साहित्यकारले यसको सामान्य जानकारी समेत गरेको छैन् । कुनै पनि पत्रपत्रिका, लेखरचना आदिका माध्यम बाट यसलाई चिनाउने काम गरेको भने देखिदैन् । यस जिल्लामा प्रचलित अन्य विधा जस्तैः मागल, फाग, लोकगीत, डेउडा, भुओ आदिका बारेमा भने लेखरचना, पत्रपत्रिकामा चिनाउने काम भएको पाइन्छ । यसर्थ लोकसाहित्यको एक उपविधाका रूपमा चिनिने छैटगीतको सङ्कलन, शोध, खोज एवम् अनुसन्धानगरी यसका वास्तविक विशेषताहरूको पहिचान गर्दै यी गीतहरु के कति छन् ? साथै यिनीहरूको स्थान र महत्वको बारेमा जानकारी दिन प्रस्तुत शोधपत्रले स्पष्ट पार्ने काम गर्ने छ ।

### तेस्रो परिच्छेद

# लोकसाहित्यको एक उपविधाका रूपमा छैटगीत

## ३.१ लोकसाहित्य

लोकसाहित्य 'लोक' र 'साहित्य' गरी दुइवटा शब्द मिलेर बनेको शब्द हो । लोक साहित्यलाई नेपाली बृहत शब्दकोशमा यसरी अर्थ्याइएको छ : सर्वसाधारण जनताको कोमल मनोभावलाई ब्यक्त गर्ने सरल भाषाको, बिभिन्न चाडपर्व मनोरन्जनका समयमा प्रसङ्गानुकुल गाइने, सुनाइने वा देखाइने लोक ब्यवहारमा प्रचलित लोकगीत, लोककथा, लोकनृत्य आदिले युक्त साहित्य हो । [१९]

लोकज्ञान वा लोकभावनामा आधारित श्रुतिपरम्परा बाट प्राप्त व्यक्ति विषेशको नभई अपठितहरुबाट सामूहिक ढंगले लोकगीत, लोककविता, लोकगाथा, लोककाव्य, लोककथा, लोकनाटक, गाउँखानेकथा, उखान टुक्का आदि विधाका रूपमा अभिव्यक्त हुने मौखिक भाषिक संरचनालाई लोकसाहित्य भनिन्छ । लोकसाहित्य लोकभावना सँग जोडिएको हुन्छ । यसमा कुनै किसिमको कृतिमता हुदैन । सहज र सरल हुनु लोकसाहित्यको प्रमुख विशेषता हो । लोकसाहित्य लोकजीवनको मौखिक परम्परामा हुर्केको कहिल्यै नओइलाउने साहित्य हो । यसमा लोकमानसका भावना समेटिएका हुन्छन् । लोकभावनाको स्वस्फूर्त अभिव्यक्ति प्रभाव बाट लोकसाहित्यको निर्माण हुन्छ । लोकले कहिल्यै नविर्सने श्रुतिपरम्परामा आधारित सरल र सहज साहित्यको रूपमा लोकसाहित्यलाई लिने गरिन्छ । नेपाली साहित्यको इतिहास लोकसाहित्यसित प्रत्यक्ष सम्बन्धित छ । नेपाली साहित्यको इतिहास झै बझाङ जिल्लाको साहित्यिक पृष्ठभूमि पनि लोकसाहित्यसित सम्बन्धित छ ।

बझाङ जिल्ला लोकसाहित्यका दृष्टिले महत्वपूर्ण जिल्लाका रूपमा चिनिन्छ । यस जिल्लामा लोकगीत, लोकगाथा, उखान टुक्का, मन्त्र आदिको प्रयोग प्रशस्त मात्रामा भएको छ । लोकसाहित्यका हिसावले यो जिल्ला धनी छ । यस जिल्लामा बहुभाषिक, बहुसांस्कृतिक भएका मानिसहरूको विविधतायुक्त समाज छ । सवै जातजातिले आ-आफ्नो परम्पराअनुसार चाडपर्व अनुष्ठान, उत्सव, मेलापात आदिका बेला समय पस्थितिअनुसार लोकभाका सुसल्ने गर्दछन् । बझाङ

---

[१९] वालकृण्ण पोखरेल, **'नेपाली बृहत शब्दकोश'** काठमाण्डौः ने. रा. प्र.प्र. (२०४०)

जिल्लामा विभिन्न चाडपर्व, मेलापात, संस्कार, उत्सव आदिमा डेउडा, फाग, गाउने गरिन्छ । यहाँका लोकगीत, लोकगाथा, लोककथा, लोकनाटक यहिको सेरोफेरो सित सम्बन्धित छन् । कुनै प्रतीकात्मक छन् भने कुनै सहज र सरल छन् । तिनमा ग्रामीण समाजका मानिसहरूको दुःख सुखको भावना समेटिएको हुन्छ । बझाङ जिल्लामा बढी फस्टाएको विधा लोकगीतमा (डेउडा) हो । डेउडा महाकालीदेखि कर्णाली सम्म विशेष रूपले फैलिएको छ । लोकगीतले बझाङ जिल्लाको स्थानीयतालाई झल्काएको पाइन्छ । यहाँका लोकगीतका केही उदाहरणः

हात्तीले मचरकाइ लैगो बनारसका रुइना

नदिउसो बाडुली घुटको नरातिमा सुइना

कइल घोड पातल चडदो कइलइ श्रीमातोली

मर्न्या दिनको थाह छैन आज होकि भोलि

सहभागिताका आधारमा डेउडालाई एकल, दोहोरी र समूहगत रूपमा खेलिन्छ । यसले अनेक विषयवस्तु र भाव समेट्दछ । डेउडामा प्रेम, धर्म, अध्यात्म, समसामयिक, राजनीतिक एवं सामाजिक घटना देवस्तुति, इतिहास आदि विषयवस्तुका रूपमा आएका हुन्छन् । लोकगीत पछि बढी महत्वपूर्ण विधा लोकगाथा हो । लोकगाथामा लोक इतिहास, लोकमानसका दुःख सुख, हाँसो, आशु, पीडा ब्यक्त हुन्छ । बझाङ जिल्लामा यस्ता लोकगाथाहरू विभिन्न चाडपर्व संस्कार आदिमा गाउने गरिएको छ ।

बझाङ जिल्लाका ग्रामीण र अपठित समूहका बीच लोककथा भन्ने परम्परा छ । विशेष गरी ग्रामीण भेगका अशिक्षित मानिसहरू दिनभरको थकाइ मेट्न एकछिन मनोरञ्जन लिन युवायुवती, बुढाबुढी सबैले यस्ता कथाहरू भन्ने र सुन्ने गर्दछन् । यस्ता कथाहरू हिउँदका लामा रातमा भनिन्छन् । खासगरी पौष पन्ध्रलाई बर्ष भरिको सवैभन्दा लामो रात भन्दै तरुल, फर्सी उसिनेर खाने र रातभरि लोककथा भन्दै सुन्दै जाग्राम बस्ने परम्परा छ । माघेसङ्क्रान्तिको अघिल्लो दिन पनि जाग्राम बसि लोककथा भनिन्छन् । यस क्षेत्रमा लोककथालाई 'बात' पनि भनिन्छ । यस्ता लोककथाहरू राजारानीको कथा, जादुटुनामुनाका कथा बढी भन्ने तथा सुन्ने गरिन्छ । लोकनाटक, उखान टुक्का, गाउँखाने कथा, मन्त्र पनि यस जिल्लामा रोचकताका साथ प्रर्दशन गर्ने र भन्ने गरिन्छ । बझाङ जिल्लाका केही भेगतिर प्रचलित उखानको उदाहरण यस प्रकार छ :

हुने विरूवाको चिल्लो पात

नहुने विरूवाको खस्रो पात

खेपन्त खेति

घोघन्त विद्या

बझाङ जिल्लामा प्रचलित यी विविध लोकसाहित्यका विधा उपविधाहरूले बझाङको साहित्यिक परम्परामा महत्वपूर्ण भूमिका खेलेका छन् । बझाङ जिल्लाको लोकसाहित्य प्रत्यक्ष रुपमा लिखित साहित्य संग जोडिएको छ । बझाङ जिल्लाको छान्ना क्षेत्रमा प्रचलित छैटगीतलाई पनि यहाँ लोकसाहित्यको एक उपविधाका रूपमा चिनाउने प्रयास गरिएको छ ।

लिखित साहित्यमा जस्तै लोकसाहित्यमा पनि विभिन्न विधाहरु छन । लोक साहित्यका ती विधाहरु यी हुन । (क) लोकगीत (ख) लोकगाथा (ग) लोककथा (घ) लोकनाटक (ङ) गाँउखाने कथा (च) उखान टुक्का (छ) विविध । यी विभिन्न विधाहरु मध्य लोकगीत सँग प्रस्तुत अध्ययन गरिएको छ । यसै प्रसङ्गमा लोकगीतका साथै बझाङ जिल्लाको छान्ना क्षेत्रमा प्रचलित छैटगीतलाई पनि लोकसाहित्यको एक उपविधा रूपमा चिनाइएको छ ।

## ३.२ लोकगीत

लोकगीत भनेको लोकजीवनको रागात्मक स्वतः स्फूर्त लयात्मक अभिव्यक्ति हो । यसमा लोकजीवनका दुःख-सुख, आसु-हाँसो, आशा-निराशाका साथै लोकको चालचलन, विधि-व्यवहार, आस्था र मान्यताहरुको चित्रण हुन्छ । यसमा लोकको सम्पूर्ण चित्र प्रस्तुत भएको हुन्छ । लोकको संस्कृति यसैमा अभिव्यक्त हुन्छ ।[२०] लोकगीत लोकसंस्कृतिको महत्वपूर्ण अङ्ग हो । लोकगीतका भाका र भावले जातिय परम्परालाई चिनाएर राष्ट्रिय एकताको गाँठो कस्ने काममा ठूलो सहयोग पुर्‍याउन सक्छन् । प्राचिन आर्यहरूले पुस्तौ पुस्ता सामवेद मुखाग्र पार्दै आए जस्तै लोकगीत पनि पुस्तौ पुस्तादेखि जनजिब्रोमा झुण्डिदै आएको हो । यहाँ समय समयमा थरिथरिका लोकगीतहरू गाइन्छन् । यीनमा मागल, चुटकिला, चाचडी, भारत (कर्खा), तिउडो (डेउडा) खेतीपाती र पशुपंक्षिका लोकगीत मुख्य हुन् । लोकगीतका भाका अर्थात् लयहरू त्यतिका फूर्तिला र चुडकिला खालका नभए पनि गीतका गेडा (शब्द) हरु र भावनामा भने निकै सरल र उच्चकोटिका हुन्छन् ।

[२०] चूडामणि बन्धु, **'नेपाली लोकसाहित्य'** एकता बुक्स डिस्ट्रिब्युटर्स प्रा.लि.थापाथली,काठमाडौ (२०५८) पृ ११५

यस्ता गहकिला साहित्यले सिंगारिएका लोकगीतहरूले नेपाली लोकसंस्कृतिका क्षेत्रमा निकै ठूलो ठाँउ ओगटेको पाइन्छ ।[२१]

लोकगीत लोकसाहित्यको ब्यापक र प्रिय विधा हो । स्वच्छ र सहज आत्माबाट प्रस्फुटित हुने कुनै पनि लोकको लयात्मक गीत नै लोकगीत भन्ने बुझ्न सकिन्छ । यसको प्रमुख विशेषता गेयता हो । खेतमा, खोलामा, पहाडमा, मैदानमा तथा घरायसी कुराका साथै संयोग वियोग, लडाई, झन्झट, हाँसो, खुसीमा समेत लोकगीतको प्रयोग भएको पाइन्छ । लोकगीत नेपालीको तत्सम शब्द हो । यो लोकको र गीत भन्ने दुईशब्दका बीच षष्ठी तत्पुरुष समास भै बनेको शब्द हो । यसको अर्थ नेपाली बृहत शब्दकोशमा जनसमाजमा परम्परादेखि गाउदै र चल्दै आएको गीत भनेर लोकगीतको परिचय दिएको  छ । [२२]

लोकगीत शास्त्रीय छन्दमा योजना भन्दा भिन्नै भएर पनि आकर्षित लयमा आधारित हुने भएकाले यसलाई सरलता पूर्वक गाउन सकिन्छ । लोकगीतको भाषा अत्यन्त प्रचलित सरल र सहज हुन्छ । यसमा सजिला र कोमल शब्दहरूले स्थान बढी पाएका हुन्छन् ।

लोकसाहित्यमा विद्वान्हरूका अनुसार नेपाली लोकगीत लोकजीवनकै हाँसो, आँसु, पीडा, ब्यथा , अनुभव र अनुभूतिका अभिब्यक्ति छन् । लोक जीवनकै सर्वसाधारण जनताका गीत हुन् । भीर, पहरा र लहराहरूमा लहरिदै घाँस काट्नेहरूका सुस्केरा गीत हुन् । नेपाली चेली र वुहारीका विलौना हुन् । प्रदेशी लाहुरे तिनको पत्नीहरूका आधार हुन् । समग्रमा लोकगीत लोक जीवनको निकै प्रचलित र लोक प्रिय गीतका रूपमा रहेको पाइन्छ । नेपाली लोकगीतका बिभिन्न भेदहरू छन् । तिनका बारेमा लोकसाहित्य विद्हरूले व्यापकरूपमा चर्चा गर्दै आएका छन् । त्यस आधारमा नेपालीमा प्रचलित लोकगीतहरू निम्नानुसार छन् :

## ३.३ सामान्य गीत

कुनै खास अवसरमा र स्थितिमा नगाइकन जुनसुकै वेलामा पनि गाइने गीतहरू नै सामान्य गीत अन्तर्गत पर्दछन् । निश्चित अवसर र समयमा नगाइने गीतहरु जस्तैः घाँसेगीत, झ्याउरे,

---

[२१] रामनाथ ओझा र मधुसुदन गिरी, **'लोकसाहित्य,पूर्वआधुनिक नेपाली साहित्य र आधुनिक नेपाली निवन्ध'** कीर्तिपुर स्टुडेन्ट वुक्सपब्लिसर्स एण्ड डिस्ट्रिब्युटर्स (२०६०)

[२२] प्रदिप रिमाल, **'कर्णालीको संस्कृति'** , काठमाडौं: ने. रा.प्र.प्र. (२०२८) पृ. २१

बाह्मासे गीतहरू सामान्य गीत अन्तर्गत पर्दछन् । यस्ता गीतहरूलाई सधैंभरि जहाँसुकै, जुनसुकै बेला पनि गाइरहन मिल्ने हुन्छ ।

## ३.४ संस्कारगीत

नेपालीभाषि समाजमा प्रचलित संस्कारगीतहरूमा मागल, फाग, खाँडो, रत्यौली, करात र आशिका छन् ।[२३] नेपाली जनजीवनमा धर्मको महत्वपूर्ण स्थान र प्रभाव रहेको छ । वास्तवमा शुभ तथा सुरु कार्य गर्ने प्रक्रियालाई नै संस्कार भनिन्छ । कुनै पनि वस्तु विशेषको दोष, खरावी आदि दूस्तत्वलाई टाढा पन्छाइन्छ । जसका बदलामा असल र परिमार्जित कुरालाई समाजका सामुन्ने प्रस्तुत गरिनुलाई पनि संस्कार भनिने गरिन्छ । यस्ता संस्कार कर्महरूमा न्वारन, जन्म, विवाह, पास्नी, व्रतवन्ध जस्ता सांस्कारिक कार्यहरू  पर्दछन् । यिनै संस्कार कर्म सम्पन्न गर्दा लोकजीवनमा गाइने गीतहरू नै संस्कारगीत हुन् ।

## ३.५ ऋतु वा व्रत सम्बन्धि गीत

पर्वहरू बिभिन्न ऋतुमा आउँछन् । यसकारण पर्वगीत वा ऋतुगीत दुबै प्रचलित  छन् । [२४] प्रकृतिको काखमा हुर्की बढेका र रमाइ रहेका नेपालीहरू प्रकृति प्रति मोहित हुदै बिभिन्न ऋतु अनुसारका गीतहरू गाउने गर्दछन् । बसन्त, गीष्म, वर्षा, शरद, हेमन्त आदि ऋतुको स्वागतार्थ गाइने यस्ता गीतहरूलाई ऋतु सम्वन्धी गीत भनिन्छ । माघमा बसन्त ऋतु, अषाढ श्रावणमा बर्षा ऋतुका बारेमा गाएर बसन्त र बर्षा ऋतुलाई स्वागत गर्ने चलन सुदूरपश्चिमका केही जिल्लाहरूमा अझै पनि देख्न सकिन्छ । त्यसैगरी पूर्वी तराईका वासन्ती, फगुवा आदि गीतहरूलाई पनि ऋतुगीत अन्तर्गत राख्न सकिन्छ । विभिन्न पर्व र व्रर्तमा उपवास रहदा निराहार वा फलाहारमा निर्भर रहि इश्वरिय चिन्तनमा लागेर एकचित्त मन लिएर बस्दा स्त्रोत भजनका रूपमा गाइने गीतहरू यस अन्तर्गत पर्दछन् ।

## ३.६ कर्मगीत

कुनै पनि कामका समयमा गाइने रमाइला गीतहरूलाई कर्मगीत भनिन्छ । काम गर्दा गर्दै आफ्ना शारीरिक थकावटलाई टाढा पन्छाउने र दिल बहलाउन आफ्ना श्रमिक साथीसंगीहरूको

[२३] चूडामणि बन्धु, **'नेपाली लोकसाहित्य'** ,एकता बुक्स डिस्ट्रिब्युटर्स प्रा.लि.थापाथली,काठमाडौ  (२०५८) पृ. १२२
[२४] ऐजन ऐजन

साथमा मिलेर यस्ता गीतहरू गाइन्छन् । रोपाई गर्दा, धान काट्दा, मकै र कोदो गोड्दा, ढिकी जाँतो गर्दा गाइने गीतहरू नै कर्मगीत हुन् । सुदूरपश्चिमका पहाडी जिल्लाहरूमा यस्ता गीत गाएर रमाइलो गर्ने चलन बढी नै देखिन्छ ।

## ३.७ पर्वगीत

कुनै पनि ठाँउको कुनै पनि मान्छेहरूले आ-आफ्नै किसिमका चाडपर्वहरू मनाउने गरेको पाइन्छ । ती चाडपर्वहरूमा आ-आफ्नै भाषाका गीतहरू गाएर हाँसखेल र रमाइलो गर्ने चलन पनि हुन्छ । यस्ता विभिन्न जात्रा, मेला, चाड, उत्सव, पर्व आदिमा गाइनेगीत नै पर्वगीत हुन् । तीजका गीतहरू, देउसी भैलो, मालश्री तथा होलीमा गाइने गीतहरू खासखास चाडपर्वमा गाइने हुनाले यिनीहरूलाई पर्वगीत भनिएको पाइन्छ ।

## ३.८ नृत्यगीत

गीतको साथै नाच्न पनि हुने लोकअभिव्यक्तिहरू नृत्यगीत अन्तर्गत पर्दछन् । पुस्तकी बन्धनमा नपरेको धेरै सिंगार पटार नगरि प्राय लगाएकै लुगामा जुरूक्क उठी झट्टै आफ्नो पवनको स्वतन्त्र अभियानमा नाचिने नाचलाई लोकनृत्य भनिएको छ । यस प्रकार नाच मिसिएको गीत अथवा गीत मिसिएको नाच अथवा भनौ नाच र गानको अन्योन्याश्रित सम्वन्ध भएको लोक अभिब्यक्तिलाई नै नृत्यगीत भन्न सकिन्छ ।

## ३.९ विविध

यस विविध अन्तर्गत माथि उल्लिखित विभाजन भित्र नपरेका छुटपिट गीतहरू जस्तैः हुडक्यौली, बालगीत आदि पर्दछन् ।

## ३.१० लोकगीतको एक उपविधाका रूपमा छैटगीत

लोकसाहित्य ‘लोक’ र ‘साहित्यको’ समासबाट बनेको शब्द हो । यसको अर्थ हो लोककोसाहित्य । यहाँ दुइ शब्द छन् ‘लोक’ र ‘साहित्यको’, लालित्ययुक्त तथा भावपूर्ण भाषिक कलाका रूपमा साहित्यलाई परिभाषित गरिएको छ । संस्कृत वाङ्मयमा ‘लोक’ शब्दको प्रयोग खासगरी दुई अर्थमा भएको पाईन्छ १) स्थानका रूपमा र २) सामान्य जनताका रूपमा । स्थानवाचक शब्दका रूपमा स्वर्गलोक, मर्त्यलोक जस्ता शब्द प्रचलित   छन् । ‘जन’ शब्दको अर्थ

पनि सामान्य जनता हो । यसै कारण केही नेपाली र भारतीय विद्वान्ले 'जनसाहित्य' शब्दको प्रयोग गरेका छन् । यसैकारण 'जन' भन्दा 'लोक' शब्द नै लोकसाहित्यका लागि उपयुक्त छ र 'लोक' शब्दकै प्रयोग बढी मात्रामा भएको पनि पाईन्छ । [२५]

लोकसाहित्यमा विभिन्न विधामा लोकगीत, लोकगाथा, लोकनाटक, डेउडा , उखान टुक्का आदि जस्तै छैटगीत पनि लोकसाहित्यको एक उपविधाका रूपमा रहेको पाइन्छ । लोकगीत जस्तै छैटगीत पनि लोकसाहित्यमा पर्ने एउटा परमपरागत रूपमा खेलिदै, गाउदै आएको संस्कृतिलाई टेवा दिने गीतका रूपमा प्रचलित छ । यो बझाङ जिल्लाको छान्ना क्षेत्रमा मात्रै सीमित नभइ बझाङ जिल्लाका थुप्रै गाविसहरुमा खेलिदै आएको पाइन्छ । तर ठाउँ अनुसार खेल्ने चलन भने फरक-फरक हुन् सक्दछ । तसर्थ लोकसाहित्यमा यसको स्थान पनि महत्वपूर्ण छ भन्न सकिन्छ ।

लोकगीत लोकसाहित्यको एक महत्वपूर्ण विधा हो । यो अत्यन्त लोकप्रिय र ब्यापक छ । लोकगीत संसारको सबै भाग र भेगमा ब्याप्त छ । संसारको कुनै पनि समाज लोकगीत विहीन हुन सक्दैन् । यसको जन्मदात लोक भएकाले यसको स्रोत कहिल्यै सुक्दैन् । सुरूमा लोकको कुनै एक व्यक्तिको मुख बाट निस्के पनि कमशः यसका अनेक व्यक्तिका भाव, भाषा, लय र सीप मिसिदै जान्छन् । फलतः यो लोकको साझा सम्पति बन्दछ र लोककै संरक्षणमा जीवित रहन्छ ।

लोकगीत एक प्राचीन लोकसाहित्यिक विधा हो । वेद स्वएम् पनि श्रुति मानिन्छ । त्यसैले सुन्ने सुनाउने परम्परा बाट नै त्यसको विकास भएको थियो । लोकगीत नै त्यस परम्पराका सम्पदा थिए । रामायण, महाभारत जस्ता ग्रन्थको विकास पनि श्रुति स्मृती परम्परा बाट नै भएको मानिन्छ । त्यसैले लोकगीतको प्राचीनता खोज्दै जाने हो भने मानव समाजको प्रारम्भ तिरै पुगिन्छ । लोकगीतमा मान्छेका सुख-दुःख, घात-प्रतिघात,जित-हार, उत्तार-चढाव र आस्था-विश्वास संग सम्बन्धित अनुभूति तथा अनुभव सरल एवम् लयवद्ध रूपमा प्रकट भएका हुन्छन् । तिनमा सरल भाषाको प्रयोग भएको हुन्छ । वौद्धिकताको चक्कर बाट ती मुक्त हुन्छन् । त्यसैले ती अत्यन्त्र रसमय र हार्दिक र सुवोध हुन्छन् । यसका साथै गेय गुणले युक्त हुनु तथा प्रबन्धात्मकता वा आख्यानात्मकतामा नबाधिनु पनि लोकगीतको विशेष पहिंचान हो । लोकगीतलाई ग्रामगीत र

[२५] चूडामणि बन्धु ,'**नेपाली लोकसाहित्य'** एकता बुक्स डिष्ट्रिब्युटर्स प्रा.लि, थापाथली,काठमाडौ (२०५८) पृ.१३

जनगीत पनि भन्ने गरिएको पाइन्छ । ग्रामगीतले गाउँमा प्रचलित गीतलाई मात्र बुझाउने तर लोकको बसोबास सहरमा पनि हुने र त्यहाँको लोकले पनि लोकगीत गाउने भएकाले ग्रामगीतको समस्त लोकलाई समेट्न सक्दैन् । यसरी नै जनगीतले श्रमिक वर्गको गीत वा प्रगतिशील गीत भन्ने परिभाषिक अर्थ ग्रहण गर्दै गएको छ । त्यसैले लोकसाहित्यमा लोकगीत शब्द व्यापक रुपमा प्रचलीत छ । समाजको रूचि र संस्कार अनुसार लोकगीतको संशोधन, परिवर्तन र परिवर्द्धन भइ रहन्छ । तीनका विषय, लय, प्रस्तुति आदिमा नृत्य नवीन विशेषता देखा परिरहन्छन् । त्यसैले ती कहिल्यै पनि म्याद गएका बासी सामग्री बन्दैनन् । आफूलाई समयको गति सक्रिय बनाउने आफ्नो प्रभाव कायम राख्न ती सक्षम हुन्छन् ।

छैटगीत पनि लोकगीत संग सम्बन्धित विधा हो । यो परम्परागत रूपमा प्रचलीत संस्कार गीत पनि हो । छैटगीत र लोकगीतको एकआपसमा अन्योन्याश्रित सम्बन्ध पनि छ । त्यसैले छैटगीत लोकगीतको एक उपविधाका रूपमा लिन सकिन्छ । छैटगीतमा पनि लोकगीत जस्तै नृत्यमा नवीन विशेषता देखा पर्दछ यसर्थ गायन र नृत्य छैटगीतका विशेषता हुन् । छैटगीत र लोकगीत भन्ने दृष्टिकोणमा लगभग फरक भएपनि प्राय लय विधानमा एकरूपता पाउन सकिन्छ । त्यसैले लोकगीतको एक उपविधाका रूपमा छैटगीतलाई चिनिन्छ । छैटगीत लेख्य रूपमा देखिदैन तर कत्थ्य रूपमा भने गाउँघरमा गाउदै, खेलिदै आएको पाइन्छ ।

## ३.११ छैटमा गाइने सगुनगीत

छैटगीत वास्तवमा बझाङ जिल्लाको छान्ना क्षेत्रमा प्रचलित लोकप्रिय गीतका रुपमा चिनिन्छ । यो गीत प्राय रातीमा खेलिने प्रचलन छ । छोरा जन्मेको पहिलो दिन देखि छैटौ दिन सम्म निरन्तर खेलिन्छ । बझाङको छान्ना क्षेत्रमा जम्मा छ वटा गाविसहरू पर्दछन् जसमा पौवागढी, लामातोला, माझीगाँउ, कालुखेती, पाटादेवल र गडराय हुन् । परम्परागत भनाइ अनुसार छ वटा गाविसको मिश्रण र मिलन भएको हुँदा 'छ' बाट छान्ना नाम रहन गयो । यी क्षेत्र बाहेक बझाङ जिल्लाका अन्य गाविसमा पनि छैटगीत गाउने चलन विद्यमान छ । यो गीत प्रायजसो लोन्ने मान्छेहरूले खेल्ने चलन छ । सुरूवातमा सगुनगीत गाउदा ८।१० जनाको दुइवटा समूह बनाइन्छ र हात समातेर गोलाकार घेरामा खेलिन्छ एकथरी माणा हाल्ने हुन्छन भने अर्कोथरी गाउने हुन्छन् । वास्तवमा सगुनगीत गाउदा दुइवटा समूहमा बिभाजित हुनुपर्छ र एकथरीले गीत भट्याउने अर्थात

माणा हाल्ने मुख्य मान्छेले जे भन्यो त्यहि अर्कोथरीले भनेर एक आपसमा मिलेमतोको रूपमा खेलिन्छ । यो बभ्फाङ जिल्लाको छान्ना क्षेत्रमा प्रचलित लोकप्रिय गीत हो । सुरूवातमा छोरा पाउने मान्छेले सबै गाउँलेहरूलाई निमन्त्रणा गर्छ । अनि छोरा पाउने मान्छेको घरमा गएर यस खेलको सुरूवात गरिन्छ । गोलघेराका रूपमा दुइवटा समूहमा विभाजित भइन्छ । खुट्टा मिलाइ पाइला अगाडी बढाउँदै खेलिन्छ र सगुनगीतको आरम्भ गरिन्छ । सगुनगीतमा पहिलो सगुनका रूपमा दहीमा मिसाएको माछा, दोस्रो सगुनका रूपमा दहीमा मिसाएको चामल, तेस्रो सगुनका रूपमा पहेलो पिठो अर्थात् चामल भिजाएर पिसेको पिठोमा बेसार अर्थात् हल्दी मिसाएर बनाएको रङ जसलाई टिकाका रुपमा प्रयोग गरिन्छ, चौथो सगुनका रूपमा हरियो दुवोलाई मान्दै सगुनगीत समापन गरिन्छ । त्यसपछि भने छैटमा खेलिने प्रमुख गीतको सुरूवातगरी बच्चाको सम्पूर्ण शरीरको गुणगान गाइन्छ ।

| जानेका बुढापाकाले भन्ने माणा | सबैले एकसाथ भन्ने |
|---|---|
| ए पहिला सगुना भलो | ए पहिला सगुना भला |
| दैय दैइ माछो | दैय दैइ माछो |
| ए दोसरा सनुना भलो | ए दोसरा सनुना भलो |
| दैय दैइ चामल | दैय दैइ चामल |
| ए तेसरा सगुना भलो | ए तेसरा सगुना भलो |
| पहेलो पिठायो | पहेलो पिठायो |
| ए चौथी सगुना भलो | ए चौथी सगुना भलो |
| हरियाइलो दुवो | हरियाइलो दुवो |

## ३.१२ प्रमुख छैटगीत

सगुनगीत पछि खेलिने गीतलाइ यहाँ प्रमुख छैटगीतका रूपमा लिइएको छ । यस गीतमा गायन र नृत्य हुन्छ । सर्वप्रथम खेलाडीहरूले दुइटा समूहमा विभाजित हुनुपर्छ र यो खेल खेल्दा सबैले हात समातेर खुट्टाका पाइला मिलाउदै, लय मिलाइ, जवाफ सबालका साथ खेलिन्छ । दुबै समूहमा गीत जानेको एक-एक जना हुन्छ । यो गीत लगभग डेउडा खेले जस्तै हो तर यस गीतमा नयाँ भाषा र नौलो तरिका भने अपनाइदैन किनभने यो परम्परा देखि नै व्यबहारमा आइसकेको हुन्छ यति मात्र फरक होकी कसैलाइ कष्ठस्त हुन्छ भने कसैलाइ नहुन सक्छ त्यसैले दुइटै समूहमा एक-एक जना गीत जान्ने मान्छे अनिवार्य हुनै पर्दछ । यस गीतको सुरूवातमा मारेर सुकाएको

चराको मासु र ताजा माछ्यालाई दहीमा मिसाएर खाने हो भने अति मीठास पनको अनुभूति भए झै खेलमा पनि यसलाइ अति उत्तम सगुनका रूपमा ग्रहण गरिएको पाइन्छ । घरमा किन बाजा बजेको छ ? बाजा बज्नुको कारण घरमा अवश्य पनि खुसि छाइएको छ र यो शुभ संकेतको प्रतीक हो भन्ने कुरा थाह हुन्छ । यो गीतमा जन्मेको बच्चाको प्रत्येक अंगहरुको बारेमा पैतला देखि शीर सम्मको चर्चा परिचर्चा गरिन्छ । बच्चाको पैतलालाई केराको पातका रूपमा, कुरकुच्चालाई कुखुराको अण्डाका रूपमा, जाङलाई केराको भित्रि भागका रूपमा, बच्चाको मेरुडण्ड अर्थात् पछाडिको भागलाई माकुराको जालोको रूपमा, चिउडोलाई पिपलको पातको रूपमा, दाँतलाई मोतीको हारका रूपमा, आँखालाई परेवाको नजरका रूपमा, शरीरलाई वेलको दानाका रूपमा र अनुहारलाई अस्ताउन लागेको सूर्यका रूपमा लिइएको पाइन्छ । अन्त्यमा बच्चाको बुबालाई तँपाईको छोरा लाखौ-लाख बर्ष बाचोस र बच्चाको भविश्य राम्रोहोस् भनेर गीतकै माध्यम बाट यसखेलको समापन हुन्छ । त्यसपछि भारी खेलकागीतहरू गाउदै अति रमाइलो गरिन्छ । छैटगीत बझाङ जिल्लाको छान्ना क्षेत्र अन्तर्गत पर्ने पौवागढी, लामातोला, माझीगाउँ, कालुखेती, पाटादेवल र गडराय गाविसमा मात्रै सीमित नभै बझाङ जिल्लाका अन्य गाविसहरूमा पनि खेलिदै आएको पाइन्छ तर फरक यति मात्र होकि क्षेत्रीय हिसाव, संस्कार,चलन, भाषिक फरकका कारण खेल्ने तरिकामा भने भिन्नता पाउन सकिन्छ ।

| पहिलो समूहले भन्ने | दोस्रो समूहले भन्ने |
|---|---|
| ए सुकिचडी आलिमाछी दैयदैइ चाम्ल | ए आजुभाइना राइना घर केहु बर्णाइ वाजो |
| ए कि भाइना रैनाले डाणा सिह मार्‍यो | ए नइभाइन रैनाले डाणा सिह मार्‍यो |
| ए आजुभाइना रैना घर केहु बणाइ वाजो | ए कि भाइना रैनाले थला वाजु पाण्यो |
| ए नइभाइना रैनाले थला बाजु पाण्यो | ए आजुभाइना रैनाघर केहु बणाइ वाजो |
| ए कि भाइन रैनाले रणजिती आयो | ए नइभाइन रैनाले रण जिती आयो |
| ए आजुभाइन रैनाघर केहु बणाई वाजो | ए कि भाइन रैनाले तीर्थ |

| | |
|---|---|
| | नमायो |
| ए नइ भाइन रैनाले तीर्थ नमायो | ए आजु भाइन रैना घर केहु बणाइ वाजो |
| ए कि भाइन रैनाघर बालो जरम्यो | ए भाइयन नारायन घर बालो जरम्यो |
| ए आजुभाइना रैनाघर सोहि बणाइ वाजो | ए कै भाण चेलो भयो कै भाण नाती |
| ए धौत बालाकि पैतली | ए पैतली देखुता केलणी कि पात |
| ए धौत बालाकि कुरिकुच्ची कैसे | ए कुरिकुच्ची देखुता कुखुरी कि फुल |
| ए धौत बालाकि पिरणी कैसे | ए पिरणी देखुता झरेवारङ्गो |
| ए धौत बालाकि जाङजली कैसे | ए जाङजली देखुता केरा कि रुम |
| ए धौत बालाकि कण्डली कैसे | ए कण्डली देखुत कुमली कि छाट |
| ए धौत बालाकि कुमजली | ए कुमजली देखुत चिठेदेवार |
| ए धौत बालाकि गिरधन कैसे | ए गिरधन देखुत जातेकि घिच |
| ए धौत बालाकि चिउडली कैसे | ए चिउडली देखुत पिपलकि पात |
| ए धौत बालाकि ओठजली कैसे | ए ओठजली देखुता चिरेसिनाक |
| ए धौत बालाकि दन्तजली कैसे | ए दन्तजली देखुत मोतीयाकि हार |
| ए धौत बालाकि नाखजली कैसे | ए नाखजली देखुत |

| | |
|---|---|
| | अलैचीकि डाठ |
| ए धौत बालाकि आँखजली कैसे | ए आँखजली देखुत परेवा नजर |
| ए धौत बालाकि चण्डली कैसे | ए चण्डली देखुत पूर्णिमा कि चन्द्र |
| ए धौत बालाकि शिरजली कैसे | ए शिरजली देखुत वेलगेण्या जैसे |
| ए धौत बालाकि अनिहार कैसे | ए अनिहार देखुत उदय सुरिज |
| ए तेरो बालो बाची रैभ्काउ लाखै बरिष | ए जियइ बालो जियइ रैभ्काउ लाखै बरिस |

## ३.१३ भारीखेलका गीतहरू

बभ्काङ जिल्लाको छान्ना क्षेत्रमा प्रचलित छैटगीतमा धेरै जसो मात्रामा भारी खेलका गीतहरू गाइन्छन् । यी गीतहरूमा प्रायजसो एकजना व्यक्ति माणा हाल्ने अर्थात् गीत भन्ने गर्दछ र दुइवटा समूहमा विभाजित भइ भारीखेलका गीतहरू गाइन्छन् । यसमा डेउणा गीत जस्तो एकथरीले प्रश्न गर्ने अर्को थरीले जवाफ दिने कार्य भने गरिदैन् । जुनकुरा माणा हाल्ने अर्थात् भारीखेलका गीत जान्ने मुख्य मान्छे , जसले सबै जानेको हुन्छ उसैले जे भन्यो त्यहि कुरा अन्य खेलाडीहरूले एकै स्वरमा लय मिलाएर भन्नु पर्दछ । तर खेलाडीहरूले भने दुई समूहमा अनिवार्य विभाजित हुनुपर्छ । बभ्काङ जिल्लाको छान्ना क्षेत्रमा प्रचति छैटगीत लोकसाहित्यको एक विधाका रूपमा परिचित छ । छैटगीतमा अति रमाईलाका साथ भारी खेल खेल्ने प्रचलन छ । भारी भन्नाले हलुका चीज नभईकन् अलि भारी चीजलाई जनाउछ । यो खेल अलि लामो भएर अर्थात् जति सम्म पनि लम्ब्याएर खेल्न सकिने हुँदा यसलाई भारीखेल नाम दिएको हो भन्ने भनाइ गाउँघरका बुढा-पाकाहरूको रहेको छ । यसर्थ भारीखेलका गीतहरू निम्नलिखित रहेका छन् :

### ३.१३.१ सबैका बड्डा माछा मार्न गया

यस गीतमा सम्पूर्ण खेलाडीरूले हात समाएर पाइलामा पाइला मिलाउदै गोलघेरामा खेलिन्छ साथै खेलाडीहरू दुइतिर विभाजित हुन्छन् र जानेबुझ्केका मान्छेले माणा हाल्ने अर्थात् गीत भन्छन् र अन्य खेलाडीहरूले पनि त्यही दोहोर्‍याउछन् । यसमा बुढा र बुढीको दिनचर्याका वारेमा रमाइलो गरिएको पाइन्छ ।

| <u>बूढापाकाले भट्याउने</u> | <u>सबैले एकसाथ भन्ने</u> |
|---|---|
| ए सबैका बड्डा माछा मार्न गया । | ए सबैका बड्डा माछा मार्न गया । |
| ए हामरा बड्डा घरै मरि रया । | ए हामरा बड्डा घरै मरि रया । |
| ए का बड्डी गुल्याल का बड्डी जाल । | ए का बड्डी गुल्याल का बड्डी जाल । |
| ए देलि कुन्टा गुल्याल घोणीमुणा जाल । | ए देलि कुन्टा गुल्याल घोणीमुणा जाल । |
| ए बड्डो रणिफणी गंगीका छाल | ए बड्डो रणिफणी गंगीका छाल |
| ए पहिला छमर्का भुरि न सुरी | ए पहिला छमर्का भुरि न सुरी |
| ए दोस्रा छमर्का भुरिन सुरी | ए दोस्रा छमर्का भुरिन सुरी |
| ए चौथा छमर्का कैसि औले भुरी | ए चौथा छमर्का कैसि औले भुरी |
| ए पाँचौ छमर्का भुरिन सुरी | ए पाँचौ छमर्का भुरिन सुरी |
| ए छैटौ छमर्का कुचिमुठया भुरी | ए छैटौ छमर्का कुचिमुठया भुरी |
| ए सातौ छमर्का भुरिन सुरी | ए सातौ छमर्का भुरिन सुरी |
| ए आठौ छमर्का जाडरे सरो | ए आठौ छमर्का जाडरे सरो |
| ए बड्डाले जाल चुणी आइगयो घर | ए बड्डाले जाल चुणी आइगयो घर |
| ए हाल बड्डी रोटा पका बड्डी माछा | ए हाल बड्डी रोटा पका बड्डी माछा |

| | |
|---|---|
| ए बड्डाका भाग झोलको तुडको | ए बड्डाका भाग झोलको तुडका |
| ए बड्डीका भाग मासुको फिणको | ए बड्डीका भाग मासुको फिणको |
| ए तेइ फिणको तिपी बिल्लाले खायो | ए तेइ फिणको तिपी बिल्लाले खायो |
| ए बड्डाका गोठ हुक्काने साण | ए बड्डाका गोठ हुक्काने साण |
| ए बिल्ला क्याखि हानि छणउल्या राण | ए बिल्ला क्याखि हानि छणउल्या राण |
| ए बड्डाका गोठ चौसिङ्या खसि | ए बड्डाका गोठ चौसिङ्या खसि |
| ए बड्डी मणकि कन गोठीदेला बसि | ए बड्डी मणकि कन गोठीदेला बसि |
| ए बड्डाका घर नौरङ्या जोज | ए बड्डाका घर नौरङ्या जोज |
| ए बड्डी का गइ भनि बाइगयो खोज | ए बड्डी का गइ भनि बाइगयो खोज |
| ए बड्डाका गोठ हुक्कान्या बल्ल | ए बड्डाका गोठ हुक्कान्या बल्ल |
| ए बड्डो फुल्याउदै छ त्यो क्याखि हल्ल | ए बड्डो फुल्याउदै छ त्यो क्याखि हल्ल |
| ए बड्डीका हात कतन्या आसी | ए बड्डीका हात कतन्या आसी |
| ए बड्डाले फुल्याउदा खुसुक्क हाँसी | ए बड्डाले फुल्याउदा खुसुक्क हाँसी |
| ए बड्डाका गोठ हुक्कान्या साण | ए बड्डाका गोठ हुक्कान्या साण |
| ए बड्डी फुल्याइ फुल्याइ लैगयो पाण | ए बड्डी फुल्याइ फुल्याइ लैगयो पाण |
| ए भनन्नाइ मणकनि छणउल्या राण | ए भनन्नाइ मणकनि छणउल्या राण |

### ३.१३.२ बाटतली ढुसुढुस्या मेल

यस गीतमा खेलाडीमा एक-आपसमा पाखुरा समातेर हातमा हात गाँसेका हुन्छन् । गीतका बेलामा सालीले भिनालाई छक्काएर अर्कै सँग खेल्न गएकि हुन्छे भने भिना पनि मुरमुरियर सालीलाई खोजी रहेको हुन्छ । यसमा व्यक्त भएका सबै शब्दहरु अर्थपूर्ण पनि देखिदैन् । गाउदा बाटतली ढुसुढुस्या मेल भनेर भट्याउने र सबैले त्यसलाई दोहोर्‍याउने गरिन्छ ।

बूढापाकाले भट्याउने

ए बाटतली ढुसुढुस्या मेल

ए डाडामुथि तेइमाणुका जात

ए जात झाउली खाउली त्यइ माणुका मेल

ए साली गइछ बजुरालका खेल

ए उणया सर्क नौरङ्गीका जोज

ए भिना गयो लौ साली का खोज

ए खोजखसी खायो प्रदेशी पाउनाले

ए रुउस्या भैइछइ फरिया लाउनाले

ए हउस्या भैइछइ मेरी गाँउ आउनाले

ए बाटतली ढुसुढुस्या मेल

ए डाडा मुथि तेइ माणुका जात

ए जात झाउली खाउली तेइ माणुका मेल

ए साली गइछ अछामीका खेल

ए उणया सर्क नौ रङ्गीका जोज

ए भिना गयो लौ सालीका खोज

ए खसि खायो प्रदेशी पाउनाले

ए रुउस्या भैइछै पछयौरी लाउनाले

सबैले एकसाथ भन्ने

ए बाटतली ढुसुढुस्या मेल

ए डाडामुथि तेइमाणुका जात

ए जात झाउली खाउली त्यइ
माणुका मेल ।

ए साली गइछ बजुरालका खेल

ए उणया सर्क नौरङ्गीका जोज

ए भिना गयो लौ साली का

ए खसी खायो प्रदेशी पाउनाल

ए रुउस्या भैइछइ फरिया
लाउनाले ।

ए हउस्या भैइछइ मेरी गाँउ
आउनाले ।

ए बाटतली ढुसुढुस्या मेल

ए डाडा मुथि तेइ माणुका जात

ए जात झाउली खाउली
तेइ माणुका मेल ।

ए साली गइछ अछामीका खेल

ए उणया सर्क नौ रङ्गीका जोज

ए भिना गयो लौ सालीका खोज

ए खसि खायो प्रदेशी पाउनाले

ए रुउस्या भैइछै पछयौरी
लाउनाले

ए हउस्या भैइछै मेरी गाँउ आउनाले — ए हउस्या भैइछै मेरी गाँउ आउनाले

ए बाटलली ढुसुढुस्या मेल — ए बाटलली ढुसुढुस्या मेल

ए डाँडा मुथि त्यइमाणुका मेल — ए डाँडा मुथि त्यइमाणुका मेल

ए जात झाउली खाउली तेइ माणुका मेल — ए जात झाउली खाउली तेइ माणुका मेल

ए साली गइछ थलारीका खेल — ए साली गइछ थलारीका खेल

ए उणया सर्क नौरङ्गीका जोज — ए उणया सर्क नौरङ्गीका जोज

ए भिना गयो लौसालीका खोज — ए भिना गयो लौसालीका खोज

ए खसी खायो प्रदेशी पाउनाले — ए खसी खायो प्रदेशी पाउनाले

ए रुउस्या भैइछै मेरी गाँउ आउनाले — ए रुउस्या भैइछै मेरी गाँउ आउनाले

ए बाटतली ढुसुढुस्या मेल — ए बाटतली ढुसुढुस्या मेल

ए डाँडामुथि त्यइमाणुका मेल — ए डाँडामुथि त्यइमाणुका मेल

### ३.१३.३ सरबटटली, सरबटटली

यो खेल गाइने र खेल्ने तरिका बाटतली ढुसुढुस्या मेल जस्तै हो । यस खेलमा केटीलाई प्रश्न गरी उत्तर पनि आफै गरेको पाइन्छ । यो खेल बडा रमाइलाका साथ खेलिन्छ । बालवालिका देखि बुढाबुढीसम्म हसाउँने कार्य गरिएको हुन्छ ।

| बुढापाकाले भट्याउने | सबैले एकसाथ भन्ने |
|---|---|
| सरबटटली, सरबटटली | सरबटटली, सरबटटली |
| तेरो धानु अरिहेली मेरो धानु अर केसरी | तेरो धानु अरिहेली मेरो धानु अर केसरी |
| खापर्‍या बिसालो खापर्‍या बिसालो | खापर्‍या बिसालो खापर्‍या |

छाणी मुडकी हानिदियई आफूइ त खिसालो
सरबटटली, सरबटटली
तेरो धानु कुटीहेली मेरो धान कुट केसरी
खापर्‍या बिसालो खापर्‍या बिसालो
तेरो धानु कुटिदिया मेरो पोइ रिसालो
खापर्‍या बिसालो खापर्‍या बिसालो
छाणी मुस्ल हानीदियई आफै त खिसालो
सरबटटली, सरबटटली
तेरो धानु अरिहेली मेरो धानु अर केसरी
खापर्‍या बिसालो खापर्‍या बिसालो
तेरो कामु अरिदयिा मेरो पोई रिसालो
खापर्‍या बिसालो खापर्‍या बिसालो
छाणी लट्ठी हानिदियइ आफुइ त खिसालो

बिसालो
छाणी मुडकी हानिदियई आफूइ त खिसालो
सरबटटली, सरबटटली
तेरो धानु कुटीहेली मेरो धान कुट केसरी
खापर्‍या बिसाले खापर्‍या बिसालो
तेरो धानु कुटिदिया मेरो पोइ रिसालो
खापर्‍या बिसालो खापर्‍या बिसालो
छाणी मुस्ल हानीदियई आफै त खिसालो
सरबटटली, सरबटटली
तेरो धानु अरिहेली मेरो धानु अर केसरी
खापर्‍या बिसालो खापर्‍या बिसालो
तेरो कामु अरिदयिा मेरो पोई रिसालो
खापर्‍या बिसालो खापर्‍या बिसालो
छाणी लट्ठी हानिदियइ आफुइ त खिसालो

| | |
|---|---|
| सरबटटली, सरबटटली | सरबटटली, सरबटटली |
| तेरो धानु अरिहेली मेरो धानु अर केसरी | तेरो धानु अरिहेली मेरो धानु अर केसरी |
| खापर्‍या बिसालो खापर्‍या बिसालो | खापर्‍या बिसालो खापर्‍या बिसालो |
| तेरो अन्नी अरिदिया मेरो पोइ रिसालो | तेरो अन्नी अरिदिया मेरो पोइ रिसालो |
| छाणी आसी हानिदियइ आफुइत खिसालो | छाणी आसी हानिदियइ आफुइत खिसालो |
| सरबटटली, सरबटटली | सरबटटली, सरबटटली |

### ३.१३.४ मालिकका देवीथान उमर्‍यो धुपी सल्लो रे

उपयुक्त छैटगीतमा खेलाडीहरूले हातमा हात मिलाउदै गोलाकार घेरामा खेलिन्छ । यसमा प्रेमिकाको महिमा गान गाइएको पाइन्छ र मुख्य मान्छे अर्थात माणा हाल्ने मान्छेले जे भन्यो त्यहि कुरा सवै खेलाडीले भन्नुपर्ने हुन्छ । यो पुरुष प्रधान खेल भएता पनि यसमा नारीले लगाउने पोशाक अर्थात् पहिरनको बारेमा निकै चर्चा गरेको पाइन्छ ।

| बूढापाकाले भट्टयाउने | सबैले एकैसाथ भन्ने |
|---|---|
| ए मालिकका देवीथान उमर्‍यो धुपी सल्लो रे | ए मालिकका देवीथान उमर्‍यो धुपी सल्लो रे |
| ए पायजुता तेराइ सदा तेरइ जोवन ढल्लो रे | ए पायजुता तेराइ सदा तेरइ जोवन ढल्लो रे |
| ए मालिकका देवीथान उमर्‍यो धुपी सल्लो रे | ए मालिकका देवीथान उमर्‍यो धुपी सल्लो रे |
| ए कन्ड घाग्रो तेरइसनो तेरइ जोवन ढल्लो रे | ए कन्ड घाग्रो तेरइसनो तेरइ |

| | |
|---|---|
| | जोवन ढल्लो रे |
| ए मालिकका देवीथान उमर्‍यो धुपी सल्लो रे | ए मालिकका देवीथान उमर्‍यो धुपी सल्लो रे |
| ए आङचोली तेराइ सनो तेरइ जोवन ढल्लो रे | ए आङचोली तेराइ सनो तेरइ जोवन ढल्लो रे |
| ए मालिकका देवीथान उमर्‍यो धुपी सल्लो रे | ए मालिकका देवीथान उमर्‍यो धुपी सल्लो रे |
| ए नाखनथी तेराइ सनो तेरइ जोवन ढल्लो रे | ए नाखनथी तेराइ सनो तेरइ जोवन ढल्लो रे |
| ए मालिकका देवीथान उमर्‍यो धुपी सल्लो रे | ए मालिकका देवीथान उमर्‍यो धुपी सल्लो रे |
| ए टाटुमाला तेराइ सदो तेरइ जोवन ढल्लो रे | ए टाटुमाला तेराइ सदो तेरइ जोवन ढल्लो रे |
| ए मालिकका देवीथान उमर्‍यो धुपी सल्लो रे | ए मालिकका देवीथान उमर्‍यो धुपी सल्लो रे । |
| ए मुन्टा फुली तेराइ सनो तेरइ जोवन ढल्लो रे ढल्लो रे | ए मुन्टा फुली तेराइ सनो तेरइ जोवन जोवन ढल्लो रे |
| ए मालिकका देवीथान उमर्‍यो धुपी सल्लो रे | ए मालिकका देवीथान उमर्‍यो धुपी सल्लो रे |
| ए हात बाला तेराइ सना तेरइ जोवन ढल्लो रे | ए हात बाला तेराइ सना तेरइ जोवन ढल्लो रे |
| ए मालिकका देवीथान उमर्‍यो धुपी सल्लो रे | ए मालिकका देवीथान उमर्‍यो धुपी सल्लो रे |

### ३.१३.५ खप्तडका लालपाटन कस्तुरी पटक्कै रे

यस खेलमा पनि खेलाडीहरू दुइवटा समूहमा विभाजित हुन्छन् र हातमा हात समाति पाइला मिलाउदै एकदमै रमाइलोका साथ खेल्ने गरिन्छ । यस गीतमा प्रेमिकाले माइती जान खोजेको तर प्रेमीले जान नदिएको कुरा एकदमै गीतका माध्याम बाट यहाँ देखाइएको छ ।

| बूढापाकाले भट्याउने | सबैले एकसाथ भन्ने |
|---|---|
| ए खप्तडका लालपाटन कस्तुरी पटक्कै रे । | ए खप्तडका लालपाटन<br>कस्तुरी पटक्कै रे । |
| ए बाबाकि सउराडी लागि ला माइत चटक्कै रे । | ए बाबाकि सउराडी लागि<br>ला माइत चटक्कै रे । |
| ए खप्तडका लालपाटन कस्तुरी पटक्कै रे । | ए खप्तडका लालपाटन<br>कस्तुरी पटक्कै रे । |
| ए आमाकि सउराणी लागि लामाइत चटक्कै रे । | ए आमाकि सउराणी लागि<br>लामाइत चटक्कै रे । |
| ए खप्तडका लालपाटन कस्तुरी पटक्कै रे । | ए खप्तडका लालपाटन<br>कस्तुरी पटक्कै रे । |
| ए सउराइ लाग्या तुलाइ लागि लाउदैन चटक्कै रे । | ए सउराइ लाग्या तुलाइ<br>लागि लाउदैन चटक्कै रे । |
| ए खप्तडका लालपाटन कस्तुरी पटक्कै रे । | ए खप्तडका लालपाटन<br>कस्तुरी पटक्कै रे । |
| ए दाजुकि सउराणी लागि लामाइत चटक्कै रे । | ए दाजुकि सउराणी लागि<br>लामाइत चटक्कै रे । |
| ए खप्तडका लालपाटन कस्तुरी पटक्कै रे । | ए खप्तडका लालपाटन<br>कस्तुरी पटक्कै रे । |
| ए साउराइ लाग्या तुलाइ लागि लाउदैन चटक्कै रे । | ए साउराइ लाग्या तुलाइ<br>लागि लाउदैन चटक्कै रे । |
| ए खप्तडका लालपाटन कस्तुरी पटक्कै रे । | ए खप्तडका लालपाटन<br>कस्तुरी पटक्कै रे । |

| | |
|---|---|
| ए भाउजुकि सउराणी लागि लामाइत चटक्कै रे । | ए भाउजुकि सउराणी लागि लामाइत चटक्कै रे । |
| ए खप्तडका लालपाटन कस्तुरी पटक्कै रे । | ए खप्तडका लालपाटन कस्तुरी पटक्कै रे । |
| ए सउराइ लाग्या तुलाइ लागि लाउदैन चटक्कै रे । | ए सउराइ लाग्या तुलाइ लागि लाउदैन चटक्कै रे । |
| ए खप्तडका लालपाटन कस्तुरी पटक्कै रे । | ए खप्तडका लालपाटन कस्तुरी पटक्कै रे । |
| ए भाजाकि सउराणी लागि ला माइत चटक्कै रे । | ए भाजाकि सउराणी लागि ला माइत चटक्कै रे । |
| ए सउराइ लाग्या तुलाइ लागि लाउदैन चटक्कै रे । | ए सउराइ लाग्या तुलाइ लागि लाउदैन चटक्कै रे । |
| ए खप्तडका लालपाटन कस्तुरी पटक्कै रे । | ए खप्तडका लालपाटन कस्तुरी पटक्कै रे । |

### ३.१३.६ बाटतली अमिली नछोल

यस गीतमा पनि खेलाडीहरू दुइवटा समुहमा विभाजन हुनुपर्छ र हातमा हात समाति पाइला मिलाउदै माणा हाल्ने अर्थात् गीत भन्ने मान्छेले जे भन्यो त्यहि सवै कुरा खेलाडीले भन्नु पर्ने हुन्छ । यस खेलमा आमा, बुवा, काका, काकि,दिदी, बहिनीहरू सँग राम्रो ब्यवहार गर्नुपर्छ भन्ने कुरा देखाइएको पाइन्छ । यस खेलमा अर्ती उपदेश दिएको पाइन्छ ।

| बूढापाकाले भट्याउने | सबैले एकसाथ भन्ने |
|---|---|
| ए बाटतली अमिली नछोल । | ए बाटतली अमिली नछोल । |
| ए उचिढुङ्गी ओखणु नफोण । | ए उचिढुङ्गी ओखणु नफोण । |
| ए बाबा सँग चरकि नवोल । | ए बाबा सँग चरकि नवोल । |
| ए बालिसैया दुरवाच्य नवोल । | ए बालिसैया दुरवाच्य नवोल । |
| ए बाटतली अमिली नछोल । | ए बाटतली अमिली नछोल । |
| ए उचिढुङ्गी ओखणु नफोण । | ए उचिढुङ्गी ओखणु नफोण । |

ए आमा सँग चरकि नवोल ।

ए बालीसैया दुरवाच्य नवोल ।

ए बाटतली अमिली नछोल ।

ए उचिढुङ्गी ओखणु नफोण ।

ए काका सँग चरकि नवोल ।

ए बालीसैया दुरवाच्य नवोल ।

ए बाटतली अमिली नछोल ।

ए उचिढुङ्गी ओखणु नफोण ।

ए काकी संग चरकि नवोल ।

ए बालीसैया दुरवाच्य नवोल ।

ए बाटतली अमिली नछोल ।

ए उचिढुङ्गी ओखणु नफोण ।

ए दिदी संग चरकि नबोल ।

ए बालीसैया दुरवाच्य नवोल ।

ए बाटतली अमिली नछोल ।

ए उचिढुङ्गी ओखणु नफोण ।

ए बाज्या संग कुदोलु नबोल ।

ए बालीसैया दुरवाच्य नवोल ।

ए बाटतली अमिली नछोल ।

ए बज्यै संग कुबोलु नबोल ।

ए बालीसैया दुरवाच्य नवोल ।

ए आमा सँग चरकि नवोल ।

ए बालीसैया दुरवाच्य नवोल ।

एबाटतली अमिली नछोल ।

ए उचिढुङ्गी ओखणु नफोण ।

ए काका सँग चरकि नवोल ।

ए बालीसैया दुरवाच्य नवोल।

ए बाटतली अमिली नछोल ।

ए उचिढुङ्गी ओखणु नफोण ।

ए काकी संग चरकि नवोल ।

ए बालीसैया दुरवाच्य नवोल ।

ए बाटतली अमिली नछोल ।

ए उचिढुङ्गी ओखणु नफोण ।

ए दिदी संग चरकि नबोल ।

ए बालीसैया दुरवाच्य नवोल ।

ए बाटतली अमिली नछोल ।

ए उचिढुङ्गी ओखणु नफोण ।

ए बाज्या संग कुदोलु नबोल ।

ए बालीसैया दुरवाच्य नवोल ।

ए बाटतली अमिली नछोल ।

ए बज्यै संग कुबोलु नबोल ।

ए बालीसैया दुरवाच्य नवोल ।

| | |
|---|---|
| ए बाटतली अमिली नछोल । | ए बाटतली अमिली नछोल । |

### ३.१३.७ काली गाईका दूध उमाल्यो गाज

यस गीतमा पनि दुइवटा समूह हुन्छन् । एकजना माणा हाल्ने अर्थात् गीत भन्ने हुन्छ तसर्थ जे गीत हाल्नेले भन्यो त्यही अन्य खेलाडीले भन्ने गरिन्छ । यसमा केटालाई ससुराली जान लाज लागेको कुरा देखाइएको पाइन्छ । यो खेल पनि गोलाकार घेरामा खेलिन्छ । खुट्टाका पाइला मिलाइ पाइला अगाडि पछाडि गरी गेयात्मक तथा नृत्यात्मक तरिकाले अति रमाइलाका साथ खेलिन्छ ।

| बूढापाकाले भट्याउने | सबैले एकसाथ भन्ने |
|---|---|
| ए कालिगाईका दूध उमाल्यो गाज । | ए कालिगाईका दूध उमाल्यो गाज । |
| ए मेरा माइत किन भ्रुानो ए भिमराज । | ए मेरा माइत किन भ्रुानो ए भिमराज । |
| ए तेरा माइत भ्रुानाकि मु पणी लाज । | ए तेरा माइत भ्रुानाकि मु पणी लाज । |
| ए कालिगाईका दूध उमाल्यो गाज । | ए कालिगाईका दूध उमाल्यो गाज । |
| ए मेरा बुवा तेरा सउरा तु क्याखि लाज । | ए मेरा बुवा तेरा सउरा तु क्याखि लाज । |
| ए कालिगाईका दूध उमाल्यो गाज । | ए कालिगाईका दूध उमाल्यो गाज । |
| ए मेरा माइत किन भ्रुानो ए भिमराज । | ए मेरा माइत किन भ्रुानो ए भिमराज । |
| ए कालिगाईका दूध उमाल्यो गाज । | ए कालिगाईका दूध उमाल्यो गाज । |
| ए तेरा माइत भ्रुानाकि मु पणी लाज । | ए तेरा माइत भ्रुानाकि मु पणी लाज । |

| | |
|---|---|
| ए कालिगाईका दूध उमाल्यो गाज । | ए कालिगाईका दूध उमाल्यो गाज । |
| ए मेरी आमा तेरी सासु तु क्याखि लाज । | ए मेरी आमा तेरी सासु तु क्याखि लाज । |
| ए कालिगाईका दूध उमाल्यो गाज । | ए कालिगाईका दूध उमाल्यो गाज । |
| ए मेरा माइत किन भ्कानो ए भिमराज । | ए मेरा माइत किन भ्कानो ए भिमराज । |
| ए कालिगाईका दूध उमाल्यो गाज । | ए कालिगाईका दूध उमाल्यो गाज । |
| ए तेरा माइत भ्कानाकि मु पणी लाज । | ए तेरा माइत भ्कानाकि मु पणी लाज । |
| ए कालिगाईका दूध उमाल्यो गाज । | ए कालिगाईका दूध उमाल्यो गाज । |
| ए मेरा काका तेरा सउरा तु क्याखि लाज । | ए मेरा काका तेरा सउरा तु क्याखि लाज । |
| ए कालिगाईका दूध उमाल्यो गाज । | ए कालिगाईका दूध उमाल्यो गाज । |
| ए मेरा माइत किन भ्कानो ए भिमराज । | ए मेरा माइत किन भ्कानो ए भिमराज । |
| ए कालिगाईका दूध उमाल्यो गाज । | ए कालिगाईका दूध उमाल्यो गाज । |
| ए मेरा बाज्या तेरा सउरा तु क्याखि लाज । | ए मेरा बाज्या तेरा सउरा तु क्याखि लाज । |
| ए मेरा माइत किन भ्कानो ए भिमराज । | ए मेरा माइत किन भ्कानो ए भिमराज । |
| ए कालिगाईका दूध उमाल्यो गाज । | ए कालिगाईका दूध उमाल्यो गाज । |

ए तेरा माइत भ्रानाकि मु पणी लाज । ए तेरा माइत भ्रानाकि मु पणी लाज ।

ए कालिगाईका दूध उमाल्यो गाज । ए कालिगाईका दूध उमाल्यो गाज ।

ए मेरी बज्यै तेरी सासु तु क्याखि लाज । ए मेरी बज्यै तेरी सासु तु क्याखि लाज ।

ए कालिगाईका दूध उमाल्यो गाज । ए कालिगाईका दूध उमाल्यो गाज ।

## ३.१४ निष्कर्ष

बझाङ जिल्लाको समग्र साहित्यिक सर्वेक्षण गर्दा यहाँको साहित्यिक पृष्ठभूमि,परम्परा र विकास वारे जानकारी हुन्छ । बझाङ जिल्लाको साहित्यिक पृष्ठभूमि यहाँको लोकसाहित्य हो । बझाङ जिल्लामा लिखित साहित्यको विकास पूर्व लोकसाहित्यको विकास भएको पाइन्छ । यहाँका लोकगीत, लोककथा, उखान टुक्का आदिमा बझाङ जिल्लाका जनजीवनका विविध पक्षहरू समेटिएका छन् । लोकसाहित्यका माध्याम बाट यहाँका मानिसहरू आफ्ना जीवनका अनुभव र अनुभूति जीवन भोगाइका दुःख सुख, पीडा वेदना पोख्ने गर्दछन् । बझाङ बासीहरूले मेलापात, खेतवारीमा काम गर्दा,चाडपर्व, विवाह आदि संस्कारका बेला लोकभाखाहरू सुसेलेको पाइन्छ । लोकसाहित्यले लिखित साहित्यलाई अघि बढाउन मद्दत गरेको छ । यहाँका साहित्यकारका कृतिका विषयवस्तु र कविताको लय चेतमा लोकसाहित्यको प्रभाव पाइन्छ । यहाँका लिखित साहित्यको विकास नेपाली साहित्यको माध्यमिककाल बाट भएको हो । अहिले सम्मको खोजअनुसंधानको आधारमा लिखित साहित्यको आरम्भ जयपृथ्वीबहादुर सिंहबाट भएको हो । जयपृथ्वीबहादुर सिंह नै बझाङ जिल्लाको लिखित साहित्यका आरम्भकर्ता हुन । बझाङ जिल्लाका साहित्यकारहरूले कविता,गजल,उपन्यास,कथा आदि विधामा कलम चलाएका छन् । वर्तमान सम्मको स्थितिलाई हेर्दा सबैभन्दा बढी लेखिएको कविता विधा हो । अन्य विधाका तुलनामा संख्यात्मक र गुणात्मक रूपमा कविता विधा राम्रो सँग विकसित भएको पाइन्छ । समग्रमा भन्दा बझाङ जिल्लाको साहित्यिक परम्परा यहाँका मुख्य एवं गौण सबै साहित्यकारहरूको समष्टि रूप हो । सबै साहित्यकार एवम् साहित्यप्रेमिहरूले यहाँको साहित्यपरम्परालाई जीवन्त बनाउन ठूलो योगदान छ । बझाङ जिल्लाको

साहित्य वर्तमान अवस्थामा आइपुग्न लोकसाहित्य, अभिलेख, लिखित साहित्य हुदै अघि बढेको पाइन्छ जुन विभिन्न चरण उपचरण पारगर्दै अघि बढिरहेको छ । तसर्थ बभ्काङ जिल्लाको छान्ना क्षेत्रमा प्रचलित छैटगीत पनि लोकसाहित्यको एक उपविधाका रूपमा पर्दछ । यसको पनि आफ्नै अस्तित्व र बिशेषता रहेको पाइन्छ । यसरी बभ्काङको छान्ना क्षेत्रमा प्रचलित छैटगीतका विशेषताहरू र यसको स्थान र महत्वका बारेमा अध्ययन गर्नु र पहिचान गराउनु अति आवश्यक देखिन्छ ।

## चौथो परिच्छेद

# बझाङ जिल्लाको छान्ना क्षेत्रमा प्रचलित छैटगीतको विश्लेषण

## ४.१ पृष्ठभूमि

बझाङ जिल्लाको छान्ना क्षेत्रमा प्रचलित छैटगीत निकै नै लोकप्रिय गीतका रूपमा लिइन्छ । छोरा जन्मेको पहिलो दिन देखि छैटौ दिन सम्म यो खेल रातीमा लोन्ने मान्छेहरू द्वारा खेलिन्छ । बझाङी लोकगीतको परम्परामा छैटगीतले महत्वपूर्ण स्थान ओगटेको  पाइन्छ । यो एकातिर बझाङ जिल्लाको छान्ना क्षेत्र निवासीका लागि मात्र नभएर बझाङ जिल्लाकै लोकसंस्कृतिको अभिन्न अङ्ग बनेको छ भने अर्कोतिर यसले त्यस भेगका लोकगीतहरुको मौलिकतालाई झल्काउने कार्य पनि गरेको छ । लोकसंस्कृतिको उपज स्वरूप देखा पर्ने त्यहाँको लोकसाहित्यले कलाको प्रर्दशन पनि छैटगीत बाट गर्दै आएको छ ।

बझाङको स्थानीय बोलीमा छैटलाई 'छैट' नै भनिन्छ । छैटलाई किन छैट भनिएको हो ? यसको जिज्ञासा मेटाउन गाउँघरमा त्यति चित्त बुझ्दा जवाफहरू पाउन सकिदैन । परम्परा देखि छैट भनेर खेलिदै आएकोले अर्थात् बच्चा जन्मेको सुरूको दिन देखि यो छैटौ दिन सम्म खेलिने हुँदा यसलाई 'छैटौ' बाट छैट भएको हो भन्ने भनाइ गाँउघरका बुढापाकाहरु बाट स्पष्ट हुन्छ ।

बझाङ जिल्लामा लिखित साहित्यको सुरूवात जयपृथ्वीबहादुर सिंहबाट भएको हो । २००७ सालको परिवर्तन पछि जनतामा भएको चेतना बृद्धि, शैक्षिक चहलपहल आदिले यस जिल्लाको साहित्यिक विकासमा ठूलो मद्दत पुरयाएको छ । पत्रपत्रिकाको प्रकाशन, साहित्यिक सङ्घसंस्थाको स्थापना, पुस्तकालयको स्थापनाले गर्दा यस जिल्लाको साहित्यिक गतिविधि अघि बढेको हो । यसमा पनि बझाङ जिल्लाको छान्ना क्षेत्रमा प्रचलित छैटगीतको बारेमा भने कसैबाट पनि लेख रचनाहरू प्रस्तुत भएको देखिदैन् । त्यसैले लुकेर रहेको लेख्य रूप नभइ कत्थ्य रूप भएकाले लोकसाहित्यको एउटा उपविधामा पर्ने छैटगीतलाई एउटा गाउँमा मात्रै सीमित नराखी यस गीतलाई राष्ट्रिय स्तरमा चिनाउन पनि आवश्यक पर्न गएको देखिन्छ ।

## ४.२ छैटगीतको सुरूवात

बझाङ जिल्लाको छान्ना क्षेत्रमा प्रचलित छैटगीतको हालसम्म पनि कुनै अध्ययन र विश्लेषण गरिएको पाइदैन तर पनि यो गीत लोकगीत सँग सम्बन्धित रहेको पाइन्छ । छैटगीतको सुरूवात सगुनगीत बाट हुन्छ । पहिलो दिनमा जसको छोरा जन्मन्छ त्यसले सबै जनालाई निमन्त्रणा गर्छ र सबै जम्मा भइसकेपछि सबैलाइ टिका, अक्षेता लगाई दिन्छ र सवैले उसको छोराको उज्वल भविश्यको कामना गर्दै आर्शीवाद दिने गर्दछन् । सवै बालक, युवा, वयस्क र वृद्ध मानिसहरू खेल मैदानमा तयार हुन्छन् । सगुनगीत गाइसकेपछि प्रमुख छैटगीत गाउदै यस सँग सम्बन्धित तथा सान्दर्भिक भारीखेलका गीत गाइन्छन् । यसरी सुरूवात भएको छैटगीत छ दिन सम्म निरन्तर खेल्ने प्रचलन बझाङ जिल्लाको छान्ना क्षेत्रमा पाइन्छ । छैटमा महिलाहरूले मागल गाइ रमाइलो गर्दछन् । छैट खेल्दा सुरूमा सगुन गीत गाइन्छ सगुन गीत पश्चात बच्चाको खुट्टा देखि शीर सम्मको बयान गर्ने गीत जसलाई प्रमुख गीतका रूपमा लिइन्छ तसर्थ सो गीत गाइन्छ त्यसपछि भारीखेलका गीतहरू गाइन्छन् र अन्त्यमा डेउडा खेल खेलेर रमाइलो गरिने चलन छ ।

## ४.३ छैटगीतको प्रस्तुति

प्रस्तुतिका आधारमा छैटगीत गेयात्मक तथा नृत्यगीत हो । छैटगीतको सुरूवात सगुनगीत सदभावनामा आधारित अभिब्यक्तिका अर्थमा प्रचलित रहेको देखिन्छ । लोक ब्यवहारमा सगुन शब्दले शुभलग्न, साइत वा शुभकार्यको अवसरमा प्रदान गरिने उपहार, शुभकामना विशेष प्रकारका अनुष्ठानमा आमन्त्रण गर्न पठाइएको कोसेली आदि अनेक अर्थ प्रकट गरेको बुझिन्छ ।[२६] सगुनको प्रस्तुतिमा वाद्य हुदैन् खालि नृत्यगीतका रूपमा मात्र त्यसको प्रस्तुति हुन्छ । सगुन गाउदा गाउने व्यक्तिहरू आपसमा टासिएर पङ्क्तिवद्ध हुदै उभिन्छन् । एउटा व्यक्ति जसले गीतजानेको हुन्छ उसले सबैलाइ सुनाउछ र त्यहीकुरा सबैले भन्ने गर्दछन् तर समूह भने दुइटा नै हुन्छ । खुट्टाको विशेष ताल मिलाइन्छ र रमाइलाका साथ खेलिन्छ । उदाहरणका लागि यहाँ दुइवटा पंक्तिलाइ राख्न सकिन्छ :

ए पहिला सगुना भलो दैयदै माछो  
ए दोसरा सगुना भलो दैयदै चामल ।  
ए तेसरा सगुना भलो पहेलो पिठायो

[२६] जयराज पन्त, **'आँजुलीभरि सगुन,पोल्टाभरि फाग'** काठमाडौः ने.रा.प्र.प्र. (२०५१) पृ.१

ए चौथा सगुना भलो हरियाइलो दुवो ।

उक्त हरपहरूमा छैटगीतमा गाइने सगुनगीतलाई लिइएको हो । यसमा पहिलो सगुनका रूपमा दही र माछ्ा , दोस्रो सगुनका रूपमा दही र चामल, तेस्रो सगुनका रूपमा पहेलो पिठो र चौथो सगुनका रूपमा हरियो दुवोलाई आधार मानेको पाइन्छ । यसरी सगुनगीत गाइ सकेपछि प्रमुख छैटगीत गाइन्छ र अन्त्यमा भारी खेल खेल्दै तत्पश्चात डेउडा खेल्ने प्रचलन बझाङी समाजमा रहेको पाइन्छ ।

छैटगीतका खेलहरूमा 'सरबटटली', 'बाटतली ढुसुढुस्यामेल', 'बाटतली अमिली नछोल' जस्ता भारीखेल खेल्दा गोलघेरामा उभिएका व्यक्तिले आफ्ना दुइहातले आफ्ना अघि र पछि उभिएका व्यक्तिको पाखुरा समातेर मुठ्याइन्छ र आधा जतिले भट्याएको गीतलाई दोहोर्‍याएर भन्छन् । एवम् तरिकाले यी खेलहरू प्रस्तुत हुन्छन् र गाइन्छन् । जस्तै सरबटटलीका केहि अंश :

| **बुढापाकाले भट्याउन** | **सबैले एकसाथ भन्ने** |
|---|---|
| सरबटटली, सरबटटली | सरबटटली, सरबटटली |
| तेरोधानु अरिहेली मेरो धानु अर केसरी । | तेरोधानु अरिहेली मेरो धानु अर केसरी । |

## ४.४ छैटगीतको वर्गीकरण

छैटगीत बझाङ जिल्लाको छान्ना क्षेत्रमा निकै पहिला देखि गाइदै र खेलिदै आएको छ । बालक देखि बुढाबुढी सबैले छैटको बेला गाउदै आएका यी गीतहरूले समयको गति सँगै विविध विषय वस्तुलाई विविध लयमा गाउदै आएका छन् । सामाजिक जनजीवन, प्राकृतिक अवस्था, ऐतिहासिक घटनावली जस्ता परिवर्तनशील विषय वस्तुलाई समेटेर लोक कविहरूका मष्तिष्क बाट गीतहरू सिर्जना भएर कुन्जिए झै छैटगीत पनि बझाङ जिल्लाको छान्ना क्षेत्रका बासिन्दाहरूको मन मष्तिष्कमा भिजेको गीत हो भन्न सकिन्छ । विविध विषयबस्तु र लयका साथै गीत गाउने तरिका पनि फरक-फरक भएकाले छैटगीतलाई तलका आधारमा वर्गीकरण गर्न सकिन्छ ।

### ४.४.१ लयका आधारमा वर्गीकरण

छैटगीतको संरचना अनुसार गीत गाउदा लिइने विश्राम, उपविश्राम आदिले लयको निर्धारण गरेका हुन्छन् । यही लयले छैटगीतको चिनारी दिएको हुन्छ । बझाङ जिल्लाको छान्ना क्षेत्रमा

प्रचलित छैटगीतको लयलाई ‘ढप’ भनिन्छ । लय मिलाएर गाउनुलाई ढप मिलायर गाउनु पनि भनिन्छ । त्यसैले यी गीतलाई नेपाली भ्याउरे लोक लयमै गाउन सकिन्छ । अझै मधुर र कर्ण प्रिय बनाउन प्रमुख छैटगीत सँगै बिभिन्न प्रकारका थेगोहरूको प्रयोग गरी लामो प्रवाहमा गीतहरू गाएर यसको लयलाई लामो पनि पारिन्छ ।

### ४.४.१.१ छोटो लय

बझाङ जिल्लाको छान्ना क्षेत्रमा प्रचलित छैटगीतको संरचना जस्तो छ । त्यही अनुसार गाइने गीतलाई छोटो लयका गीतमा राखिएको छ । यस्ता लयमा गाइने छैटगीतहरू गति र यति मिलाएर शीघ्रता पूर्वक गाइने हुनाले लय निकै मीठास यूक्त छिटो र छरितो हुन्छ । जस्तैः

ए सबैका बड्डा माछा मार्न गया
हामरा बड्डा घरै मरि रया ।

### ४.४.१.२ लामो लय

बझाङ जिल्लाको छान्ना क्षेत्रमामा गाइने छैटगीतहरूमा प्रायः कही-कही मिल्दो किसिमको ‘थेगो’ को पनि प्रयोग गरिएको पाइन्छ । गीतको मूल संरचनाको अगाडि, पछाडि वा बीचमा थेगोहरू प्रयोग गरेर श्वासलाई लामो प्रवाहमा लिएर गाइने गीतलाई लामो समयका गीत भनिन्छ । यसरी गीतको संरचना एउटै र मूल लय लोक भ्याउरे नै भएपनि स्थानिय गायकहरूले लयलाई अझै आकर्षण र लालित्यपूर्ण वनाउन केही न केही मिल्ने खालका थेगोहरूको प्रयोग गरेर लामो प्रवाहमा गाउने भएकाले उक्त किसिमको छैटगीतलाई लामो लयको छैटगीत भनिएको हो । जस्तैः

ए खसी खायो प्रदेशी पाउनाले, खसी खायो प्रदेशी पाउनाले
ए रुउस्या भैछइ मेरी गाँउ आउनाले, रुउस्या भैछइ मेरी गाँउ आउनाले

## ४.४.२ विषय वस्तुका आधारमा वर्गीकरण

बझाङ जिल्लाको छान्ना क्षेत्रमा छैटगीत गाइने र खेलिने परम्परा निकै पहिले देखि चलि आएको मानिन्छ । समाजका बालक देखि बृद्वसम्म छैटको बेला सबैको मनमा अभिब्यक्त र अनुभूति पोख्ने माध्यामका रूपमा छैटगीतले विभिन्न विषय वस्तुलाई समेटेको पाइन्छ । परम्परा देखि समाजले मान्दै आएका रीतिरिवाज, चालचलन, भेषभूषा, नैतिक नियम, जातभात जस्ता संस्कार र

संस्कृतिका कुराहरू साथै मानव जीवनमा आइपर्ने दु:ख,सुखका कुराहरू यीनै छैटगीतका शब्दहरुमा संयोजित भएका हुन्छन् । समष्टिमा भन्दा बझाङ जिल्लाको छान्ना क्षेत्रमा प्रचलित छैटगीतमा समाजका रीतिरिवाज, संस्कार, संस्कृतिका साथै प्राकृतिक अवस्था मानवीय जीवनका विविध क्षणहरूको वारेमा जानकारी दिएको पाईन्छ ।

### ४.४.२.१ सामाजिक रीतिरिवाज सम्बन्धि छैटगीत

जुनसुकै समाजमा पनि आफ्नो किसिमको सामाजिक रीतिरिवाज र चालचलन हुन्छ । यो रीतिरिवाज चालचलनलाई मौखिक रूपमा एक पुस्ताबाट अर्को पुस्तामा पुर्‍याएर जीवित राख्ने काममा त्यही समाजको लोकसाहित्य मुख्यतया लोकगीत जस्तै छैटगीतले पनि ठूलो भुमिका खेलेको हुन्छ । समुच्च समाजकै बझाङ जिल्लाको छान्ना भेगमा पनि परम्परादेखि समाजले मान्यतादिदै अवलम्वन गरेका सामाजिक रीतिरिवाजलाई आद्योपान्त जीवित राख्ने काममा छैटगीतले निकै ठूलो भुमिका खेलेको छ । त्यहाँ गाइने अद्यिकांश छैटगीत सामाजिक रीतिरिवज संग मिल्दाजुल्दा रहेका छन् । समाजमा बस्ने जातजाति, तिनीहरूले गर्ने धर्म-कर्म देवीदेवता प्रतिको विश्वास, इश्वरप्रतिको आस्था, पुर्नजन्मको धारण, सामाजिक मान-मर्यादा, जातिय पेसा जस्ता कुराहरू सामाजिक रीतिरिवाज सँग सम्वन्धित छन् । यसमा परम्परादेखि खेलिदै आएको छैटगीत हाल आएर बझाङ जिल्लाको छान्ना क्षेत्रमा प्रचलित गीतका रूपमा रहेको पाईन्छ ।

### ४.४.२.२ प्रेम- प्रणय सम्बन्धि छैटगीत

जुनसुकै मानवीय समाजमा पनि सुख, दु:ख, प्रेम-प्रणय, मिलन-विछोड, गरिवी जस्ता कुराहरु अटुट रूपमा गरिएका हुन्छन् । यस्ता कुराहरू मध्य केहिले उमङ्गको हाँसो निकाल्छन् । जस्तो भएपनि मनमा पलाएका हाँसोका भावलाई समुदायमा कुनै न कुनै माध्यमवाट बाहिर व्यक्त गरेर मनलाई हलुङ्गो पार्न चाहानु मानवीय गुण नै हो । मनमा पलाएका भावहरूलाई मुख्य गरी त्यस समाजमा प्रचलित लोकगीत, छैटगीत अर्थात् अन्य कुनै माध्यामवाट एकअर्कोमा प्रसारित गरिन्छ र कही सन्तुष्टि लिईन्छ । बझाङ जिल्ला छान्ना भेगमा प्रचलित छैटगीतले सामाजिक रीतिरिवाज, संस्कृति-संस्कार आदि झै प्रेमि-प्रेमिकाको अन्तर ह्दयमा टुसाउने प्रेम-प्रणयलाई पनि समेटेको पाइन्छ । अर्थात् छैटगीतको माध्यमबाट बाधिएर प्रसारित गर्ने गरिन्छ ।

### ४.४.३ गायनका आधारमा वर्गीकरण

बझाङ जिल्लाको छान्ना क्षेत्रमा प्रचलित छैटगीतहरू लय र विषय वस्तुका दुष्टिले भिन्ना-भिन्नै देखिए झै तीनको गायनको प्रक्रिया भने सामूहिक नै हुन्छ । सामाजिक रीतिरिवाज चालचलन, भेषभूषा, प्रेम-प्रणयका भावहरु, समाज र समयलाई समेट्ने खालका हुन्छन् । यी गीतहरू समाजका सबै उमेर, समूह र वर्गलाई सुहाउने खालका हुन्छन् । सबै उमेर र वर्गलाई समेट्ने सामूहिक भावनाका गीतहरू सामूहिक रूपमा गाईन्छन् । गायनका आधारमा छैटगीत लाई सामूहिक गायनका रूपमा मात्र लिन सकिन्छ । यो गीत एकल गायन भने हुदैन् ।

#### ४.४.३.१ सामूहिक गायन

सामूहिक गायन भन्नाले धेरै मानिसहरू मिलेर खेल खेल्दै पाइला मिलाउदै गीत गाउनु हो । छोरा जन्मेको स्थान नजिक सामूहिक रूपमा मिलेर खेल सँग छैटगीतहरू गाइन्छन् । खेल सँगै सामूहिक रुपमा मिलेर गीत गाउदा खेलाडीहरू दुइ समूहमा विभक्त भएर एकले अर्काको हात समाउदै कम्मर मर्काउदै, पाइलामा पाइला र स्वरमा स्वर मिलाएर यी गीत गाउने गर्दछन् । डेउडा गीतका दुबै समूहमा एक- एक जना  गीतकार हुन्छन् जसलाई स्थानीय भाषामा गीदाङ्गी भनिन्छ । तीनै गीतकारले गीत भन्दछन् र सबैले स्वरमा स्वर मिलाएर गीत गाउन्छन् । एक समूहले गीत भनिसकेपछि अर्को समूहको गीतकारले पनि गीत फर्काउन्छ अर्थात् जवाफ दिन्छ । गीत्यात्मक खेल क्रमिक रूपमा अगाडि   बढ्दछ । यसरी सामूहिक रूपमा खेलिने गीत्यात्मक खेलमा खेलाडीहरू एकदमै फूर्तिका साथ खुट्टालाई अन्दाजी डेढपाइलाको नापोमा अगाडि-पछाडिका साथै पाइलामा पाइला मिलाउन्छन् र गोलघेरामा घुम्दछन् । प्राप्त स्थान अनुसार खेलको घेरा  ठूलो वा सानो हुने गर्दछ । तर  छैटगीतमा भने एकजना गीत जानेको मान्छे हुन्छ र उसले नै नेतृत्व गर्दछ र खेल दुइ भागमा विभाजित भएको हुन्छ । एकथरी जहाँ माणा हाल्ने अर्थात् गीत गाउन जान्ने सँगको एक टोली हुन्छ भने अर्को टोली जे पहिलो टोलीले भन्यो त्यही नै भनेर छैटगीत गाइन्छ । जे गीत हाल्ने व्यक्तिले भन्यो त्यहीकुरा सबैले भनेर अति रमाइलाका साथ लोकसाहित्यको उपविधाका रूपमा रहेको छैटगीत खेलिने परम्परा छ । सगुन गीतको दोस्रो तहमा भने अर्थात प्रमुख छैटगीतमा भने दुबैतिर गीत जान्ने एक-एक जना गीदाङ्गी हुन्छन् र जवाफ-सबालका साथ यो खेल खेलिन्छ । यसमा दुबै जनालाई प्रमुख छैटगीत कष्ठस्त हुन्छ र त्यही आधारमा अन्य खेलाडीहरूले स्वरमा स्वर मिलाउदै गायन प्रक्रिया अगाडि बढाउछन् ।

## ४.५ छैटगीतका विशेषता

नेपालमा प्रत्येक जातजाति, भाषा-भाषीहरूले परम्परा देखि नै गाउदै र खेल्दै आएका लोकगीतहरू जस्तै छैटगीतलाई स्पष्ट रूपमा चिन्नका लागि तिनीहरुका विशेषताहरू केलाउन आवश्यक हुन्छ । विविध भाव, ढाँचा र लयमा गुन्जिने बझाङको छान्ना क्षेत्रमा प्रचलित छैटगीतका केही साझा विशेषता बाहेक आफ्नै प्रकारमा नीजि विशेषताहरू देखिन्छन् । कुनै छैटगीतहरू लघुत्तम आयमका देखिन्छन भने कुनै छैटगीतहरू मध्यम आयमका पनि  देखिन्छन् । छैटगीत वास्तवमा पुरुष प्रधान हुन्छन् तर पुरुष प्रधान हुँदाहुदै नारीको जीवनको गुणगान भने अवश्य रूपमा देखिदै आएको पाइन्छ । छैटगीत मुख्यतयाः छोरा जन्मेको बेला मात्र खेलिने एउटा सांस्कृतिक तथा परम्परागत गीतका रूपमा पर्दछ । यी छैटगीतहरू झ्याउरे लयका हुन्छन् । तर छैटगीत छोरा जन्मेमा मात्र खेलिने परम्परा छ र त्यतातिर भन्ने गरिन्छ कि 'छोरा भए खसी, छोरी भए फर्सी' यसै परम्परालाई आधार मान्दै छैटगीत खेल्ने चलन छ ।

सम्पूर्ण लोकगीतहरूझै बझाङ जिल्लाको छान्ना क्षेत्रमा प्रचलित छैटगीत परम्परा देखि नै आफ्नै प्रकारका नीजि विशेषताहरू बोकेर आएको पाइन्छ । बालवालिका देखि बुढाबुढी सम्म सबैले मन पराएको छैटगीत अति रमाइलो तरिकाले खेल्ने गरेको पाइन्छ ।

बझाङ जिल्लाको छान्ना क्षेत्रमा प्रचलित छैटगीतका विशेषताहरूको बारेमा पनि अध्ययन गर्नु अति आवश्यक हुन्छ । यसर्थ अधिकांश नेपालका ग्रामीण भेगका बासिन्दाहरूले परम्परा देखि नै गाउदै र हस्तान्तरण हुदै आएका लोक संस्कृतिकालीन गीतहरूलाई पारदर्शी रुपमा चिन्नका लागि तिनीहरूका वस्तुगत विशेषताहरूलाई केलाउनु आवश्यक हुन्छ । बझाङी भाषिकामा गुञ्जने विविध शैली, भावढाँचा बोकेका शुभगीतहरू मध्य छैटगीतले आफ्नै प्रकारका विशेषताहरू बोकेका छन् । संस्कार वा परम्परित गीत अन्तर्गत पर्ने छैटगीतले कही पुरुष प्रधान कही स्त्रीप्रधान भएर बच्चा जन्मेका दिन देखि छैटौं दिन सम्मको शुभकार्यमा गाइन्छ भने अन्य गीतहरू जतिवेला जहितहि गाइने गरिन्छन् । छैटगीतले परम्पराकालीन संस्कृति, प्रेम-प्रणय सम्बन्धि, अर्ती उपदेश तथा कही प्रकृति तथा धर्म सम्बन्धि जानकारी दिएको छ । नेपालको सुदूरपश्चिमाञ्चल विकास क्षेत्रको बझाङ जिल्लामा माहुरीको भुनभुन जस्ता धुन गुन्जिएका हुन्छन् तसर्थ छैटगीत निकै चर्चित छ ।

लोकसाहित्य अन्तर्गतका विविध गीतहरूमध्य छैटगीतले आफ्नै प्रकारका नीजि विशेषताहरू बोकेर आएका छन् । समाजमा छैटगीत पुरुषहरूको समूहले कही लामो वा कही छोटो लयमा

गाउने गर्दछन् । कही अन्यानुप्रासविहिन र कही अन्यानुप्रासयूक्त भएका छैटगीतहरू डेउडागीत जस्तै भाका मिलाएर गाइन्छन् । यसर्थ छैटगीतका विशेषताहरूलाई यसरी अध्ययन गर्न सकिन्छ ।

### ४.५.१ अन्त्यानुप्रासको प्रयोग

शास्त्रीय परिष्कारवादी कविताहरुमा झै द्वीपदिय छैटगीतका दुवै पदका अन्त्यमा अनुप्रास मिलाएको हुन्छ । खेलप्रेमीहरूले छैटगीत गाउदा लयमा मीठास ल्याउन र श्रुत्रिमाधुर्य गर्न अन्त्यानुप्रास अनिवार्य रूपमा मिलाउने गर्दछन् जस्तैः

ए सबैका बड्डा माछा मार्न गया

हामरा बड्डा घरै मरी रया ।

यस गीतका अन्यमा 'गया' र 'रया' शब्दमा अन्त्यानुप्रास मिलेको प्रत्येक गीतमा यस्तै तरिकाले ठयाक्कै मिल्नेगरी अन्त्यानुप्रास मिलाएको हुन्छ । त्यसैले अन्त्यानुप्रास छैटगीतको मुख्य विशेषता हो भन्न सकिन्छ । छैटगीतमा गाइने प्रमुख गीत र सगुनगीत बाहेक अन्य भारीखेलका गीतहरूमा अन्त्यानुप्रासको प्रयोग भएको पाइन्छ ।

### ४.५.२ अन्त्यानुप्रासविहीन

शास्त्रीयवादी मान्यतानुसार कविताहरुमा झैं धेरैजसो भारी खेलहरुमा अन्त्यानुप्रास मिलेको पाइन्छ भने सगुनगीत र प्रमुख गीतमा भने अन्त्यानुप्रासविहीन देखिन्छ । सगुनगीतका उदाहरणहरू :

ए पइला सगुना भलो दैय दैइ माछो

ए दोसरा सगुना भलो दैय दैइ चाम्ल ।

यसरी गीतका अन्त्यमा माछो , चामल जस्ता शब्दहरूमा अन्त्यानुप्रास नमिलेको देखिन्छ । यसमा पहिला सगुनमा दही र माछो र दोस्रा सगुनमा दही र चामललाई देखाइ सगुन गीत गाइएको छ । यसरी अन्त्यानुप्रास नभए पनि सम्पूर्ण पदको अर्थ जनाइ गायन गरिनु छैटगीतको आफ्नै विशेषता हो ।

## ४.५.३ परम्परिता

बझाङ जिल्लाका अत्यधिक प्रचलित गीतहरु मध्य डेउडा गीत चाही परिवेश सिर्जित भएर गाइए पनि मागल, फाग, सगुन, धमारी, छैट आदि गीतहरु भने परम्परित र संस्कारगत रहेका छन् । यस्ता परम्परित गीतहरू गाइनको लागि उक्त भावका गीतहरू कष्ठस्त पार्नु पर्ने हुन्छ तर डेउडा गीत भने परिवेश, सामाजिक जनजीवन, युगीन र प्राकृतिक वातावरणका मनोरम दृश्यहरु संग गाइने गरिन्छ । छैटगीत भने परम्परित मान्यतानुसार लय मिलायर गाइन्छन् ।

सामाजिक रीतिरिवाज, ऐतिहासिक, प्राकृतिक परिवेशलाई अङ्गीत गरेर  सिर्जनशील भएका छैटगीतहरूले समाजमा आफ्नो प्रभुत्व जमाइ रहेका छन् । यसरी छैटगीत एक पुस्ता बाट अर्को पुस्तामा हस्तान्तरण हुदै जानु छैटगीतको उल्लेखनीय विशेषता हो । यस्तै परम्परित छैटगीतका उदाहरण :

ए तेसरा सगुना भलो पहेलो पिठायो

ए चौथा सगुना भलो हरियाइलो दुवो

यी शब्दहरु सगुन गीतका हुन यी हरपहरूमा तेस्रो सगुनका रूपमा पहेलो पिठो अर्थात् चामल पिसेर पिठो बनाइ बेसार मिसाएर पहेलो रङ बनाइ टिकाको रूपमा प्रयोग गर्नु पर्ने कुरालाई देखाइएको छ । चौथो सगुनका रूपमा शुद्ध ठाउँमा अर्थात् चौरमा पाइने हरियो दुवोलाई लिइएको पाइन्छ ।

## ४.५.४ सामाजिकता

बझाङ जिल्लामा परम्परा देखिनै एक पुस्ता देखि अर्को पुस्तामा हस्तान्तरण हुदै श्रुतिपरम्परामा रही आएका छैटगीतहरूमा मानवीय जीवनका मीठा अनुभूति र अभिव्यक्तिका साथै समाजमा मानिदै, गरिदै आएका बिभिन्न संस्कार, संस्कृति अनि समाजका सामाजिक अवस्था, धार्मिक विश्वास, प्रेम- प्रणय, छोराछोरी प्रतिको दृष्टिकोण, इश्वर प्रतिको आस्था, समाज र युग प्रतिको माया, मोह र कर्तब्य पालन, आपसी मेलमिलाप, एक अर्का प्रतिको विश्वास, समाजमा आफ्नै धर्म प्रति निहित भएर व्यक्तिले गर्नुपर्ने कर्मविधि पद्धति बाट कुनै पनि कार्य सफलतापूर्ण सफलहोस् भनेर छैटबाट गायन गरिएको हुन्छ । शुभ कार्यमा गाइने छैटगीत पुरुष प्रधान भएर

हुनसक्छ । छोरी जन्मदा भने उक्तगीत गाइदैन् । यसरी परम्परा देखि नै मौखिक जीवित्तेतर रहेका लोक गायकका कष्ठस्त हृदयमा समाजमा रहेका सम्पूर्ण पक्षको प्रतिविम्बित उतारेको हुन्छ ।

## ४.५.५ लय विविधता

सुदूरपश्चिमाञ्चल विकास क्षेत्रमा अवस्थित बझाङ जिल्लामा गाइने छैटगीतहरू प्राय : झ्याउरे छन्दमा आधारित भएर गाइए ता पनि छैट खेल्ने खेलाडीहरूले ती गीतहरू गाउदा सबै एकै प्रकारको लयमा गाउदैनन् । पुरुषहरूले आ-आफ्नै उपभाषिकामा गाइने हुँदा लयमा विविधता हुने गर्दछ यसर्थ केही छैटगीत छोटा लयका र केही छैटगीतहरू लामा लयका हुने गर्दछन् ।

**छोटो लय**

ए सवैका बड्डा माछा मार्न गया
हमरा बड्डा घरै मरि रया ।

**लामो लय**

ए खसी खायो प्रदेशी पाउनाले, खसी खायो प्रदेशी पाउनाले
ए रुउस्या भैयछइ मेरी गाउँ आउनाले, रुउस्या भैयछइ मेरी गाउँ आउनाल ।

## ४.५.६ भाषाशैलीगत सरलता र माधुर्य

नेपाली लोकलयमा आधारित रहेर ग्रामीण अपठित पुरुषहरूले पनि श्रुतिपरम्पराको आधारमा हस्तान्तरण हुदै आउने काम चुनौतीपूर्ण लागे पनि ग्रामीण अपठित पुरुषहरूले पनि गाउन सक्ने भएकाले सहज र सरल नै मान्नु पर्ने हुन्छ । अन्य गीतहरू झैं आफैले परिवेशनुसार सिर्जना गर्न नपर्ने हुँदा आफ्नै उपभाषिकामा पनि गाइने भएकाले बालक देखि बूढाबूढीहरूले कथावस्तुलाई सहज रूपमा स्मरण गर्न सक्छन् । यसरी सामूहिक रूपमा छैटगीतहरू गुञ्जिरहेका हुन्छन् । वास्तवमा छैटगीत एकल रूपमा गाउने चलन छैन यो सामूहिक गीत भएकाले समूह बाट नै गाइन्छ । सामूहिक रूपमा हस्तान्तरित भएर मौखिक जीवित रहेर बचाई राख्नु अपठित पुरुषका लागि पनि नासोको रूपमा रहनु छैटगीतको मुलभूत विशेषता हो । त्यस्तै स्वर र ब्यन्जनवर्णका पुनराबृति बाट पैदा हुने माधुर्यले आनन्दको आभास हुन्छ । प्रश्नोत्तरका कारण यो गीत अति नै सान्दर्भिक छ ।

ए धौत बाला कि अनिहार कैसे ?
ए अनिहार देखुता उदय सुरिज ।

यसरी यहाँ बालकको अनुहार कस्तो छ भनेर प्रश्न गर्दा त्यसको जवाफमा बच्चाको अनुहारलाई हेर्ने हो भने अस्ताउन लागेको सूर्य जस्तो छ भनिएको छ। बच्चालाई नदेखेर पनि अति सुन्दर छ भनेर छैटको प्रमुख गीतमा बच्चाको गुणगान गाउने गरिन्छ।

### ४.५.७ कारुणिकता

बझाङ जिल्लामा प्रचलित छैटगीतहरूले कथावस्तु भने गीत बाट नै पहिंचान दिलाएको हुन्छ । यसरी गाइने छैटगीतहरूका कार्यहरू सामाजिक वस्तु स्थिति हाँस्य, ब्यङ्ग्यका साथै कारूणिक पनि त्यतिकै सलबलाएको हुन्छ । सामाजिक, पारिवारिक रहन सहनमा भाग्य प्रतिको विश्वास र इश्वर प्रतिको आस्था समेटिएको पनि हुन्छ। जस्तै :

ए तेरो बालो बाचि रइझाउ लाखै बरिष

ए जियइ बालो जियइ रयइ लाखै बरिष।

यहाँ इश्वरलाई साक्षी साख्दै बच्चाको उमेर लामो होस् अर्थात् लाखौ बर्ष बाचिरहोस् जीवनमा कुनै अप्ठयारो नहोस्, कुनै रोग नलागोस् भनेर आरधना गरिएको पाईन्छ जसमा करूणाको भाव प्रकट भएको छ।

## ४.६ छैटमा खेलिने डेउडा

बझाङ जिल्लामा गाइने विभिन्न लोकगीतहरूमध्ये सर्वाधिक लोकप्रिय र प्रचलित डेउडा गीत सुदूरपश्चिम लगायत कर्णाली र भेरी अञ्चलमा पनि गाइन्छन् र खेलिन्छन् । डेउडा गीतको वनोट र लय एउटै भए पनि यी गीतलाई बझाङ जिल्ला बाहेक अन्य जिल्लाहरूमा कही 'डेउडा' कही 'ड्यौडा' कही 'घौडा' र कही न्याउले गीत भनेको पाइन्छ। डेउडा गीत प्रति आकर्षित केही लोकगीत प्रेमीहरूले पनि आ-आफ्ना विचार अनुसार नामकरण गरेको पाइन्छ।

धर्मराज थापाले खप्तडको 'द्यौ' निगाली घारी यही भएकाले यसको नाम द्यौडा हुन गएको हो कि भन्ने अनुमान गरेर यसलाई 'द्यौडा' गीत भनेका छन्।[२७] देवकान्त पन्तले यसलाई 'डयौडा'

---

[२७] धर्मराज थापा, **'हाम्रो लोकगीत,'** काठमाडौः रेडियो नेपाल प्रकाशन (२०२०) पृ.३८३

गीत भनेका छन् ।[२८] दैलेखतिर यसलाई न्याउले गीत भनेको पाइन्छ । बझाङ जिल्लामा चाही यसलाई डेउणा गीत नै भनिने हुँदा यहाँ अरूलाई 'डेउणा' गीत नै भनेर चर्चा गर्ने गरिन्छ ।

डेउडा गीतको संरचना र लय एउटै भए पनि बिभिन्न लोकगीत प्रेमि अनुसन्धान कर्ता बाट यसको नामकरणमा एक रूपता नदेखिनुले यसको गहिरो अध्ययन आवश्यक देखिन्छ । जुनसुकै चीज वा वस्तुको नामकरण गर्दा त्यसको केही विशेषता झल्काइएको हुन्छ अर्थात् त्यसको नामकरण कुनै इतिहास सँग जोडिएको हुन्छ । बझाङ जिल्लामा चाही यसको गायन र खेलको विशेषताले यसको नाम डेउणा भएको हो । बझाङी भाषिकामा डेउणाको अर्थ 'डेढ' भन्ने बुझिन्छ ।

बझाङ जिल्लाको छान्ना क्षेत्रमा प्रचलित छैटमा डेउडा खेल्ने प्रचलन पनि रहेको छ । सुरूवातमा सगुन गीत त्यसपछि बच्चाको खुट्टा देखि शीर हुदै अनुहारको सहित बर्णन गर्ने गीत अर्थात् प्रमुख छैटगीत गाइन्छ अनिपछि भारी खेलका गीत गाइन्छन् र अन्त्यमा डेउडा खेल खेली अति रमाईलो गरिन्छ । जस्तै छैटमा गाइने डेउडा गीतको एक झलक :

तलम्मा हैइ रोपी आन्यो भुरभुर्‍या विहाले
उठ सबै खेल लाग छैटका नियले ।
राम हेरु रमिता अरु बालो जरम्याको
छैटखेलि रमाइलो अरु आज छोरा भयाको

यसरी बडा रमाइलाका साथ छैटमा पुरुष पक्षले गीत गाउने गर्दछन् भने महिला पक्षले मागल गाएर रमाइलो गर्दछन् । माथि उल्लेखित डेउडामा रोपाइ गर्नेले तलैदेखि व्यवस्थितका रोपी रहेको हुँदा छैटको निहुमा सबैले खेलमा लागेर गीतमा साथ दिउ र रमाइलो गरौ भनिएको छ र बच्चा जन्मेकोले बडा खुसिका साथ रमाइलो गरौ भन्ने कुरा डेउडा गीतका माध्यम बाट भन्ने गरिन्छ । डेउडा खेलको पक्ष हेर्दा यो गीत्यात्मक खेल सामूहिक रूपमा खेलिदा एकले अर्काको हात समातेर खुट्टाको ताल मिलाई अन्दाजी डेढ पैतलाको नापोमा खुट्टालाई अगाडि पछाडि चलाउनु पर्छ । यसरी गीत गाउदा डेढ पंक्ति पारेर गाइने र खेल खेल्दा पनि डेढ पैतलाको नापीमा खुट्टा चलाइने भएकाले बझाङ जिल्लामा डेढ अर्थ लाग्ने गरी यसलाई डेउणा गीत भनिएको हो ।

[28] देवकान्त पन्त, **'डोटेली लोकसाहित्य,'** (एक परिचय) त्रि.वि.वि, कीर्तिपुर,काठमाडौः नेपाल र एशियाली अध्ययन संस्थान (२०३२) पृ.१

## ४.७ छैटमा गाइने मागल

बझाङी समाजमा जन्म संस्कार पनि उत्तिकै महत्व देखिन्छ । बालकको गर्भावस्थामा वा जन्मनु भन्दा पूर्व पनि बालकको रूपाकृतिको अनुभव गरेर मागल गाउने गर्दछन् भने जन्मेपछि पनि षष्ठी, न्वारन, पास्नी, अक्षराम्भ आदि कार्यहरुमा मागल गीत गाउने गरिन्छ । यसरी जन्म संस्कारमा गाइने मागलहरूमा छैटमा गाइने मागल पनि प्रमुख रहेको छ । बालक जन्मदा खुसि मनाउने परम्परा सबै ठाउँमा रहेको हुन्छ यसैगरी बझाङ जिल्लामा पनि मंगलाचरणको रूपमा महिलाले बच्चा जन्मनु भन्दा पूर्व रुपको विकास प्रक्रिया अपनाएर मागलहरू गाउने गर्दछन् । बालक जन्मेपछि बालकको पूर्वावस्थाको विकास भन्दै गाइने उक्त गीतमा गुरू पुरोहित नबोलाएर महिलाहरूले अक्षेता लगाउदै अर्थात् शुभ संकेत मान्दै बालक जन्मेको सुरूको दिन देखि छैटौ दिन सम्म गाउने गर्दछन् । यसरी बालक जन्मदाको मागल निम्नानुसार छ :

पैला मास बालो पानी केशर
तेस्रो मास बालो रगतको डल्लो
पाँचउ मास बालो पाँच कल्याण बन्यो
छयाउ मास बालो खेलन लाग्यो
नयाउ मास बालो बटुलो लाग्यो
दसाउ मास बालो शीर फाँडी आयो
पुग्यो बालो मन्त्रालोक तिर
कतिया मास मेरो बालो रचलो
एघाउ दिन न्वारन होला
कति मास मेरो बालो अन्न प्राशन रच
कति मास छुमछुम खेल
छयाउ यै मास अन्न प्राशन रच
बर्षै दिनको छमछम खेल

माथिको मागल गीतले गर्भ स्थितिको प्रथम मास देखि लिएर जन्मे पछिको बर्षदिन सम्मको वर्णन छ । गर्भावस्था भ्रूणको प्रथम मासको स्थितिलाई पानी र केशर अर्थात् नत जल नत शरीर नै भनिएको छ । तेस्रो महिनामा रगतको डल्लो र पाँचौ महिनामा पञ्चकल्याण अर्थात् पन्चे इन्द्रेणियुक्त बनेको र छैटो महिनामा खेल्न लागेको तथा नवौ महिनामा बाटो लागेको र दसौ मासमा

जन्मलिइ एघारौं दिनमा न्वारन भएको उल्लेख छ । यसपछि छयाउ मासमा अर्थात् छैटौं महिनामा अन्नप्राशन भै बर्ष दिनमा छमछम खेल्ने कुराको चर्चा गरी शास्त्रीय पद्धतिले प्रसङ्गमा उल्लेख गरेको आयुष्या कर्मलाइ ग्रामीण प्रतीक अनुसार प्रकट गरेको देखिन्छ । उक्त आयुष्या कर्मगर्दा बालकको कानमा पिताले अग्नि, वनस्पति, सोम, औषधी ब्रह्मा देवता ऋषि समुन्द्र छन् र ती द्धारा तिमीलाई आयुष्मान गर्दछ भन्दछन् । यी सर्वनाम यहाँ आयुका प्रतीक हुन जसलाई लोकमन्त्रले जन्मेपछि बर्ष दिनसम्म बालकको जीवन स्थिति द्धारा प्रकट गरेको छ ।

## ४.८ छैटगीतको स्थान र महत्व

नेपालका बिभिन्न भाषाभाषि, जातजातिका वस्तीहरूमा गाइने विभिन्न लोकगीत, छैटगीत झै लोकसाहित्यरूपि वोटमा अनेकौ हाँगाजाङाहरूले झ्याङ्गीयको चौतारीमा सुदूरपश्चिम अन्तर्गत बझाङ जिल्लाको छान्ना क्षेत्रमा प्रचलित छैटगीत पुर्खौ -पुर्खा देखि प्रचलित हुदै आएको बिभिन्न प्रकारका लोकगीतहरू मध्य छैटगीतको ग्रामीण जनसमुदायमा छुट्टै स्थान र महत्व छ । पुर्खाहरूद्धारा आफ्ना मनका अनेकौ तीता-मीठा अनुभूति र अभिव्यक्तिका साथै समाजमा देखिने राम्रा-नराम्रा पक्षहरुको आंकलन गरेको पाईन्छ । छैटगीतहरू एकपछि अर्को पुस्तामा मधुर कण्ठबाट अभिब्यक्त हुदै र हस्तान्तरण हुदै आएका छन् । रीतिरिवाज, संस्कृति र अर्ती उपदेशका साथै युगिन सामाजिक वातावरण समेत समेटेर गाइदै र खेलिदै आएका छैटगीतहरूलाई आज पनि बझाङी समाजले निकै ठूलो मान्यता दिएको छ । आफ्ना सम्पूर्ण अनुभूति र अभिब्यक्ति पोख्ने र रमाउने प्रमुख माध्यम त्यहाँ यही छैटगीत बनेको छ । आज समाजले मान्दै आएको छैटगीत बालवालिका देखि बुढापाका सबै एक आपसमा मिलेर बच्चा जन्मेको दिन अति रमाइलाका साथ छैटगीत खेल्ने गरेको पाइन्छ । छैटगीत आज बझाङ जिल्लाको छान्ना क्षेत्रमा मात्र सीमित नभइ पूरै बझाङ जिल्लाको एक लोकगीतका रूपमा परिचित भएको पाइन्छ । गायन प्रक्रिया भिन्नै भएपनि छैटगीतलाई बझाङ जिल्लाको छान्ना क्षेत्रका छ वटा गाविसमा मात्र नभई जिल्ला स्तर हुदै केन्द्रीय स्तर अर्थात् नेपाल अधिराज्यभरी यसको पहिचान गर्नु अति आवश्यक देखिएको पाइन्छ ।

यसरी पुस्तौ-पुस्ता देखिनै समाजका बालक देखि बृद्धसम्मको अन्तर हृदयलाई जितेर समाजमा आफ्नै स्थानलाई उच्च राख्दै आएका छैटगीतको निकै ठूलो महत्व छ । यी गीतहरूले एकातिर समाजले मान्दै र गर्दै आएका रीतिरिवाज, चालचलन, भेषभूषा जस्ता संस्कार र संस्कृतिलाई सुरक्षित राख्नुका साथै पुर्खाहरूको इतिहास र सामाजिक वातावरणलाई वर्तमान अवस्थामन छर्लङ्ग्याएका हुन्छन् भने अर्कातिर सामाजिक, आर्थिक र शैक्षिक अवस्थाको प्रतिबिम्ब

उतारेका हुन्छन् । ग्रामीण जनजीवनका विवशता र वाध्यताका साथै व्यक्तिगत जीवनका अनेकौ उमङ्गका भावहरूलाई समेटेर छोरा जन्मेको दिन हर्ष उल्लासका साथ मनको तीर्खा मेट्ने एकमात्र माध्यम बनेको छैटगीतको निकै ठूलो महत्व रहेको स्पष्ट हुनजान्छ ।

# पाँचौ परिच्छेद

## उपसंहार

बझाङ जिल्ला सुदूरपश्चिमाञ्चल विकास क्षेत्रअन्तर्गत सेती अञ्चलमा पर्छ । यो जिल्ला भौगोलिक, सामाजिक एवम् सांस्कृतिक रूपमा निकै विकट छ । त्यसमा पनि बझाङ जिल्लाको छान्ना क्षेत्र अझै विकट छ र यस क्षेत्र अन्तर्गत छ वटा गाविस पर्दछन् छ वटा गाविसको संयोजन भएकाले यहाँका बुढापाकाको भनाइ अनुसार 'छ' बाट 'छान्ना' भएको हो भनेका छन् र दूधे छान्नु र भाते छान्नु भनेर छान्ना क्षेत्रलाई पहिला दुइ भागमा विभाजित गरेको पनि थियो भन्ने कुरा यहाँका बूढापाकाको भनाइ रहेको छ एक स्थानमा धान बढी फल्ने र अर्को ठाउँमा दूध उत्पादन बढी हुने भएकाले भाते छान्नु र दूधे छान्नाका रूपमा चिनिदै आएको पनि पाईन्छ । यस जिल्लामा साहित्यिक माहोल उत्तिकै देख्न सकिन्छ । यस जिल्लाको साहित्यिक परम्परा लोकसाहित्य, अभिलेख एवम् लिखित साहित्य हुदै अघि बढेको पाइन्छ । नेपाली साहित्यको आधुनिक काल सँगै यस जिल्लाको लिखित साहित्यको आरम्भ भएको हो । प्रस्तुत  बझाङ जिल्लाको छान्ना क्षेत्रमा प्रचलित छैटगीत शीर्षकको शोधपत्रमा बझाङ जिल्लाको लोकसाहित्यको एक उपविधामा पर्ने छैटगीतको अध्ययन गरिएको छ । यस शोधपत्रमा पाँचौ परिच्छेदहरू रहेका छन् । प्रत्येक परिच्छेदहरूमा आवस्यकता अनुसार थप उपशीर्षकहरू राखि बझाङ जिल्ला र त्यसको लोकसाहित्यको उपविधामा पर्ने छैटगीतको गतिविधि बारे अध्ययन गरिएको छ ।

प्रस्तुत बझाङ जिल्लाको छान्ना क्षेत्रमा प्रचलित छैटगीत शीर्षकको शोधपत्रको पहिलो परिच्छेदमा शोधको परिचय दिइएको छ । शोधपरिचय भित्र शोधशीर्षक, शोधकार्यको प्रयोजन, विषय परिचय, समस्याकथन, शोधकार्यसित सम्बन्धित पूर्वकार्यको विवरण, शोधकार्यको औचित्य, शोधकार्यको सीमाङ्कन, सामग्री सङ्कलन गर्ने तरिका, शोधविधि र प्रस्तुत शोधकार्यको रूपरेखा प्रस्तुत गरिएको छ ।

प्रस्तुत शोधपत्रको दोस्रो परिच्छेदमा बझाङ जिल्लाको सामान्य परिचय दिइएको छ । यस क्रममा भौगोलिक अवस्था, प्राकृतिक अवस्था, संस्कृति, भाषा, चाडपर्व, धर्म, जिल्लाको नामकरण, आर्थिक स्थिति, ऐतिहासिक स्थिति, शैक्षिक अवस्था आदिको जानकारी दिने उद्देश्यले तयार पारिएको छ र बझाङको सम्पूर्ण वस्तु स्थितिको जानकारी सामान्य रूपमा गरिएको छ ।

तेस्रो परिच्छेदमा लोकसाहित्यको एक उपविधाका रूपमा छैटगीत को बारेमा परिचय गरी छैटगीतको  सर्वेक्षण तथा सङ्कलन गर्ने काम गरिएको छ । लोकसाहित्य र लोकगीतको एक उपविधाका रूपमा छैटगीतलाई राखिएको छ । बझाङमा के कस्ता छैटगीतहरू छन् र यिनीहरु के कस्तो अवस्थामा रहेको छन् भन्ने बारे जानकारी गराइएको छ । यसरी बझाङ जिल्लाको छान्ना क्षेत्रमा प्रचलित छैटगीतका साथसाथै लोकसाहित्य, लोकगीत, सस्कारगीत, ऋतु वा व्रत सम्बन्धि गीत, पर्वगीत, नृत्यगीतको बारेमा जानकारी दिइएको  छ ।

बझाङ जिल्लाको छान्ना क्षेत्रमा प्रचलित छैटगीत अध्ययन शीर्षकको चौथो परिच्छेदमा बझाङ जिल्लाको छान्ना क्षेत्रमा प्रचलित छैटगीत शीर्षकको यस शोधपत्रमा बझाङ्ग जिल्लाको छान्ना क्षेत्र अन्तर्गत छ वटा गाविसमा प्रचलित लोकसाहित्यको एउटा उपविधाका रूपमा पर्ने छैटगीतको वर्गीकरण गरी यसका विशेषताहरूको जानकारी दिदै बझाङ जिल्लामा के कस्ता छैटगीतहरू छन् ? साथै तीनको स्थान र महत्वका बारेमा अध्ययन गर्ने कार्य गरिएको छ ।

प्रस्तुत शोधपत्रको पाँचौ परिच्छेद उपसंहार शीर्षकमा शोधकार्यको सारांश प्रस्तुत गरिएको छ ।

बझाङ जिल्लाको साहित्यिक स्थितिलाई संक्षेपमा नियाल्दा यस जिल्लाको साहित्य निरन्तर अग्रदिशामा नै अघि बढी रहेको देखिन्छ । यहाँको लोकसाहित्य अन्तर्गत पर्ने डेउडा गीत,मागल, फागलहरी, भुओगीत आदिको शोधकार्य भैसकेको अवस्था छ तर यसै जिल्लाको प्रचलित छैटगीतको भने कही कतैबाट पनि अध्ययन विश्लेषण गर्ने कार्य भने भएको पाईदैन् तसर्थ यस शोधकार्यमा बझाङ जिल्लाको छान्ना क्षेत्रमा प्रचलित छैटगीतलाई एउटा ग्रामीण भेगमा मात्र सीमित नराखि जिल्ला स्तर, क्षेत्रीय स्तर हुदै केन्द्रीय स्तरसम्म यसको पहिंचान गरी सर्वेक्षण, सङ्कलन तथा अध्ययन विश्लेषण गर्न आवश्यक देखिएकोले यस शोधपत्र बाट यसको पहिचान गर्न खोजिएको छ ।

बझाङ जिल्लामा साहित्य  विधामा कलम चलाउने साहित्यकारहरू थुप्रै भएतापनि यस जिल्लामा परम्परादेखि मनाइदै आएको छैटगीतको बारेमा भने हालसम्म एउटा लेख रचना समेत नभेटिने अवस्था छ र जहाँ पनि यसको लेख्यरूप नभइ कत्थ्यमा आधारित   छ।  बझाङ जिल्लाको साहित्यिक परम्परा र विकास दिनानुदिन अगाडि बढी रहेको छ ।

यस जिल्लामा नवोदित साहित्यकारहरू जन्मिने क्रम पनि जारि नै छ । यस जिल्लाको लोकसाहित्यिक परम्परा र विकासमा साहित्यकारहरूले विभिन्न विधामा कृतिहरू प्रकाशन गरेर या नगरेर भए पनि नेपाली साहित्य एवम् बझाङ जिल्लाको लोसाहित्यमा योगदान दिइ रहेका छन् ।

तिनीहरूको योगदान गुणात्मक एवम् संख्यात्मक दुवै रूपमा महत्वपूर्ण छ । लोकसाहित्यको उपविधामा पर्ने छैटगीतको पहिचान गरी लोकसंस्कृतिको जगेर्ना गरी यस शोधपत्रमा यसलाई चिनाउने प्रयत्न गरिनु अति आवश्यक देखिएकोले यसको अध्ययन विश्लेषण गरिएको हो ।

बझाङी लोकसंस्कृतिमा छैटगीतको महत्वबारे चर्चा गर्दा ती गीतहरूले त्यसै ठाउँको संस्कृतिलाई आफूभित्र कति समेट्न सकेका छन् भन्नेकुरा केलाउनु आवश्यक हुन्छ । जसरी नेपालको राष्ट्रिय संस्कृतिलाई बझाङ जिल्लाको संस्कृतिले पूर्ण पार्न आफ्ना स्थानबाट योगदान गरेको छ । त्यसैगरी बझाङी लोकसंस्कृतिको धरातललाई छैटगीतले सिंगारेको देखिन्छ । बझाङका गायन र नृत्ययुक्त गीतको नमुना दिनुपर्‍यो भने हामी छैटगीतलाई प्रस्तुत गर्न सक्छौं । यी गीतहरूले सङ्गीतमय बझाङी जनजीवनको मार्मिक चित्र देखाएका छन् । वास्तबमा अन्यत्रको झैं बझाङको जनजीवनमा पनि सङ्गीतमय छ । जीवनका हरक्षणमा यहाँ गीत पलाउँछ, जीवनका हर पाइलामा यहाँ नाच नाचिन्छ र जीवनका हर पर्वमा यहाँ बाजा बजाइन्छ भन्ने भनाई यहाँ पनि लागू हुन्छ । [२९] बझाङी डेउडा गीतका अनेकथरी भाकाका सुसेलीहरू सधैभरि सुसेलिए झै छैटगीतका भाकाहरू सधैभरी सुन्न नपाइए पनि यो परम्परागत एवम् संस्कृति झल्काउने गीत हो जसलाइ छोरा भएको अवस्थामा छैटमा मात्र गाउने गरिन्छ तथापि यसको आफ्नै महत्व र पहिंचान छ ।

बझाङ लोकसंस्कृतिका महत्वपूर्ण पक्षहरूमध्ये साहित्य, सङ्गीत र कला यी तीनवटै पक्षहरूलाई समेट्न सक्ने सामार्थ्य छैटगीतमा रहेको पाइन्छ । लोकसाहित्यको महत्वपूर्ण विधा लोकगीत हो र यसमा बिभिन्न प्रकार मध्ये परम्परागत र संस्कारगीतका रूपमा छैटगीतलाई चिनिएको छ ।

बझाङी संस्कृतिमा छैटगीतले पनि अति नै ठूलो महत्व राखेको कुरा बझाङको इतिहासले छर्लङ्ग्याएको छ । यसका प्रमुख गीतका साथै सान्दर्भिक गीतका रूपमा आएका सगुनगीत र भारीखेल आदिका अलिखित सामग्रीहरु पनि महत्वपूर्ण छन् । कलाकारका कष्ठहरु सँगै ती समाप्त हुन सक्ने दुःखद पक्षतिर हाम्रो ध्यान जान अति आवस्यक छ । बझाङका प्रायः सबै भागमा गाउँ-गाउँ पिच्छे खेलिने छैटगीत वर्तमान अवस्थामा आएर आधाआधी गाउँहरुमा हराइ सकेको अवस्था पनि छ । यसैगरी यो परम्परालाई हामीले नसम्हालेर छोड्दै जाने हो भने आउँदो पिढीका लागि यति राम्रो लोकसाहित्यिक सम्पदा एकादेशको कथा स्वरूप हुन पनि सक्ने सम्भावना देखिन्छ ।

[२९] रामशरण दर्नाल **नेपाली सङ्गीत-संस्कृति,** काठमाडौं ने रा प्र प्र (२०६३) पृ. १२८

बझाङ जिल्लाको छान्ना क्षेत्रमा प्रचलित छैटगीतको अध्ययनले तत्सम्बन्धि केही आधारभूत जानकारी अवश्य पनि दिएको छ तैपनि भविश्यमा यसबारे अझै थप अध्ययन निम्न लिखित शीर्षकमा गर्न सकिने संभावना छ :

क) बझाङ जिल्लामा छैटगीतमा गाइने भारीखेलको अध्ययन ।

ख) बझाङ जिल्लाको छैटमा गाइने मागलको अध्ययन ।

ग) बझाङ जिल्लामा छैटगीतसँग गासिएका सान्दर्भिक गीतहरूको अध्ययन ।

# सन्दर्भग्रन्थ सूची

## क) पुस्तक सूची


ओभmा, रामनाथ र मधुसुदन गिरी. **लोकसाहित्य, पूर्व आधुनिक नेपाली साहित्य र आधुनिक नेपाली निवन्ध,** कीर्तिपुरः स्टुडेन्ट बुक्स पब्लिसर्स एण्ड डिष्ट्रिव्युटर्स (२०६०)

खत्री, विण्णुप्रसाद. **सुदूरपश्चिमाञ्चल क्षेत्रका धार्मिक स्थल र शक्तिपीठहरु,** काठमाडौः लेखन स्वयम् (२०६०)

खडका, भक्तबहादुर. 'कल्पित', **स्वरचित भक्ति रचना**, बाँकेः लेखन स्वयम् (२०४३)

गैर सरकारी संस्था, **पाश्वचित्र** , बभाङ्ग (२०५९)

चालिसे, विजय. **डोटेली लोकसंस्कृति र साहित्य**, साभा प्रकाशनको छापाखाना,पुलचोक, ललितपुर (२०३९)

जोशी, विण्णुभक्त 'शास्त्री' **साईपाल**, धनगढीः लेखन स्वयम् (२०६५)

ढकाल, माधवप्रसाद र मातृकाप्रसाद कोइराला. **शोध यात्रा** (पहिलो सस्करण) काठमाडौः साभा प्रकाशन (२०६८)

थापा, धर्मराज. **हाम्रो लोकगीत**, काठमाडौ रेडियो नेपाल प्रकाशन (२०२०)

दर्नाल, रामशरण. **नेपाल सङ्गीत संस्कृति**, काठमाडौः नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान (२०६३)

नेपाल, पूर्णप्रकाश. 'यात्री' **सेती अञ्चल यात्रा अन्तर्गत सेतीको नागवेली** (२०३५)

पन्त, देवकान्त. **डोटेली लोकसाहित्य** त्रि.वि.वि, कीर्तिपुर, काठमाडौः नेपाल एशियाली अध्ययन संस्थान (२०३२)

पन्त, जयराज. **आँजुलीभरि सगुन पोल्टाभरि फाग**, काठमाडौः नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान (२०५५)

पराजुली, मोतीलाल र जीवेन्द्र देव गिरी. **नेपाली लोकसाहित्यको रुपरेखा**, साझा प्रकाशनको छापाखाना, पुलचोक, ललितपुर, नेपाल (२०६८)

पोखरेल, वालकृण्ण. **राष्ट्रभाषा** काठमाडौः नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान (२०५५)

पोखरेल, वालकृण्ण. **नेपाली बृहत शब्दकोश** काठमाडौः नेपाल राजीकय प्रज्ञाप्रतिष्ठान ( २०५५)

बझाङ जिल्ला, **सूचना तथा अभिलेख केन्द्र** चैनपुर, जिल्ला विकास समिति (२०६९)

बन्धु, चूडामणि. **नेपाली लोकसाहित्य** (पहिलो संस्करण) एकता बुक्स डिस्ट्रिव्युटर्स प्रा.लि.,थापाथली, काठमाडौ (२०५८)

भट्ट, पुष्करराज. **सुदूरपश्चिममा मातृभाषा साहित्य**, धनगढीः लेखन स्वयम् (२०६५)

रिमाल, प्रदिप. **कर्णाली लोकसस्कृति** (दोस्रो संस्करण), काठमाडौः साझा प्रकाशन (२०५३)

सापकोटा, विण्णुप्रसाद. **नेपालका चाडपर्वमा छट पर्व**, काठमाडौः नेपाल राजकिय प्रज्ञाप्रतिष्ठान ( २०६०)

सिंह, उत्तमबहादुर. **मानवतावादी जयपृथ्वी जीवन संसार,** साझा प्रेस, सहकारी संस्था लि.सुविधानगर, काठमाडौ (२०५५)

सिंह, मानकहादुर "पहाडी" **वैदिक शिक्षा लिऊ, हत्या हिसा हटाऊ**, धनगढीः लेखन स्वयम् (२०५९)

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल. **शोधविधि** (चौथो संस्करण), ललितपुर साझा प्रकाशन ( २०६६)

शर्मा, गोपीकृण्ण. **संस्कृत साहित्यको रुपरेखा**, काठमाडौः अभिनव प्रकाशन (२०५३)

**ख) शोधपत्र सूची**


अधिकारी, जितानन्द. **अछामी मागलगीत र पर्वगीतहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण**, अप्रकाशित एम.ए. शोध पत्र, कीर्तिपुर नेपाली केन्द्रीय विभाग (२०६१)

उपाध्याय, रामप्रसाद. **बझाडी डेउडा गीतको अध्ययन**, अप्रकाशित एम.ए. शोधपत्र, कीर्तिपुर नेपाली केन्द्रीय विभाग (२०५७)

उपाध्याय, विष्णुभक्त. **बझाडी थलाराका प्रमुख फागहरूको सङ्कलन र विश्लेषण,** अप्रकाशित एम.ए. शोधपत्र, कीर्तिपुर नेपाली केन्द्रीय विभाग (२०५८)

जोशी, प्रेमराज. **बझाडी धमारीको अध्ययन**, अप्रकाशित एम.ए. शोधपत्र, कीर्तिपुर नेपाली केन्द्रीय विभाग (२०५८)

जोशी, गोकुलराज. **बझाङ जिल्लाका गाँउखाने कथाको अध्ययन**, अप्रकाशित एम.ए. शोधपत्र, कीर्तिपुर नेपाली केन्द्रीय विभाग (२०५९)

जोशी, हितराज. **बझाडी संस्कृतिमा भुओगीतको अध्ययन**, अप्रकाशित एम.ए. शोधपत्र, कीर्तिपुर नेपाली केन्द्रीय विभाग (२०६१)

दौल्याल विष्णु बहादुर. **बझाङ थली-नौवीसमा प्रचलित मागलहरूको अध्ययन**, अप्रकाशित एम.ए. शोधपत्र, कीर्तिपुर नेपाली केन्द्रीय विभाग (२०६५)

बिष्ट, भक्त बहादुर. **भक्त बहादुर खडका 'कल्पित' को जीवनी, व्यक्तित्व र कृतित्व**, अप्रकाशित एम.ए. शोधपत्र, कीर्तिपुर नेपाली केन्द्रीय विभाग (२०६९)

रोकाया, कृष्णबहादुर.**बझाङ जिल्लाको छान्ना क्षेत्रमा प्रचलित भुओगीतको अध्ययन**, अप्रकाशित एम.ए. शोधपत्र, कीर्तिपुर नेपाली केन्द्रीय विभाग (२०६८)

**ग) पत्रपत्रिका**


खडका, भक्त बहादुर सेतीसँग, **सुर्मा**,वर्ष १, अंक १, बझाङ (२०५३)

...............सुर्मा प्रार्थना, **सुर्मा साइपाल स्मारिका**, बझाङ (२०५३)

...............श्री कृष्ण वन्दना, **खप्तडको सेरोफेरो**, रजत जयन्ती स्मारिका, बझाङ (२०५५)

...............पानी सिस्नु लाग्छ, **मुखपत्र,** जयपृथ्वी क्याम्पस, बझाङ (२०५८)

................मनको वेदना **मुखपत्र,** जयपृथ्वी क्याम्पस, बझाङ (२०६३)

...............रामप्रसाद खत्री, **स्मृती ग्रन्थ**,रामप्रसाद खत्री स्मृती प्रतिष्ठान, बझाङ (२०६३)